# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१. विषयपरिचय

आधुनिक नेपाली साहित्य जगतमा मनु ब्राजाकी (वि.सं. १९९९-२०७४) नवचेतनावादी कथाकारका रूपमा परिचित छन् । “भऱ्याङ” (२०१९) कथाबाट आफ्नो कथायात्रा सुरु गरेका उनका हालसम्म **अवमूल्यन** (२०३८), **आकाशको फल** (२०४२), **तिम्री स्वास्नी र म** (२०४६), **भविष्य यात्रा** (२०५२), **पारदर्शी मान्छे** (२०६०), **मनु ब्राजाकीका कथाहरू** (२०६९), **अन्नपूर्णाको भोज** (२०७०), **मनु ब्राजाकीका छोटा कथाहरू** (२०७२) र **जनजीवनको जीवनगाथा** (२०७२) कथा सङ्ग्रहहरू प्रकाशित छन् ।

मनु ब्राजाकी भाषिक अभिव्यक्तिमा नवीन शक्ति दिनसक्ने कथाकारिताको नैसर्गिक विशेषताले गर्दा  उनी नवचेतनावादी धाराका अग्रणीमध्येका एक हुन् । उनी व्यङ्ग्यका निमित्त कुशाग्र प्रतिभा भएका सचेत कथाकार हुन् । व्यङ्ग्यका भाषाको प्रयोग गर्नु पर्दा उनी कि त बिम्बको प्रयोग गर्छन्, कि त आलाङ्कारिक उपमाको प्रयोग गर्दछन् ।

मनु ब्राजाकीका कथामा विभिन्न आधारमा शोध कार्य भए पनि आञ्चलिकताको अध्ययन भएको पाइँदैन । कथाको परिवेशको सामान्य चर्चा भए पनि त्यससम्बन्धी गहन अध्ययन हुन सकेको छैन । त्यसैले प्रस्तुत शोधकार्यमा मनु ब्राजाकीका कथामा आञ्चलिकता भन्ने मुख्य विषय बनाइएको छ ।

मनु ब्राजाकी आञ्चलिक कथाकार हुन् । जीवनको प्रारम्भकाल तराई मधेश क्षेत्रमा बिताएका ब्राजाकीले कथा लेखनमा पनि त्यहीँको सामाजिक विकृति र विसङ्गतिलाई उजागर गरेका छन् । आञ्चलकिता उनको कथाकारिताका अर्को विशेषता हो । अपराध र कुकर्म गरी समाजका निमुखा, गरिब र असहाय नारी वर्गप्रति अमानवीय व्यवहार गर्ने अभिजात वर्गप्रति उनको एकदमै नकारात्मक दृष्टिकोण छ । अवसरवादी उच्च वर्गका मानसिहरू र भ्रष्टाचारी अनैतिक नेता वर्गप्रति पनि उनको दृष्टिकोण साह्रै नकारात्मक छ । नारीहरूमाथि हुने यौन शोषणका साथै चेलीबेटी बेचबिखन तथा वेश्यावृत्तिका लागि तिनीहरूलाई पारिने बाध्यताजस्ता संवेदनशील विषयलाई उनले मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

## १.२ समस्या कथन

मनु ब्राजाकीका कथामा आञ्चलिकताको अध्ययन गर्नु प्रमुख समस्या रहेको प्रस्तुत शोध कार्यका मुख्य-मुख्य समस्याहरू निम्नलिखित रहेका छन् :

(क) मनु ब्राजाकीका कथामा आञ्चलिकताको प्रयोगको परम्परा केकस्तो छ ?

(ख) मनु ब्राजाकीका कथामा आञ्चलिकताको प्रयोग केकस्तो छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधको उद्देश्य मनु ब्राजाकीका कथाहरूमा आञ्चलकिताको अध्ययनमा केन्द्रित रही समस्या कथनमा उठाइएका समस्याहरूको खोजी गर्नु रहेको छ । बुँदागत रूपमा प्रस्तुत शोधको उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) मनु ब्राजाकीका कथामा आञ्चलिकता प्रयोगको परम्पराको अध्ययन गर्नु ।

(ख) मनु ब्राजाकीका कथामा आञ्चलिकताको प्रयोगको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

मनु ब्राजाकीका कथाहरूका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गमा अध्ययन गरिएको पाइन्छ । उनका कथाका बारेमा हालसम्म जेजस्ता अध्ययन भएका छन् यहाँ तिनको सङ्क्षेपमा कालक्रमिक रूपमा समीक्षा गरिएको छ ।

कृष्णप्रसाद पोखरेलले आफ्नो स्नातकोत्तर शोधपत्र **मनु ब्राजाकीको जीवनी, व्यक्तित्व, कृतित्व** (२०४९) मा ब्राजाकीलाई समाजको चिरफार गर्ने, अन्यायको खोतलखातल गर्ने र प्राचीन तथा आधुनिक सामाजिक चेतको बारेमा कथा लेख्ने कथाकार हुन् भनी उल्लेख गरेका छन् । यसमा ब्राजाकीका कथाको परिवेशको चर्चा गर्ने क्रममा आञ्चलिकतासम्बन्धी सामान्य चर्चा गरेको पाइन्छ ।

राजेन्द्र सुवेदीले **समकालीन साहित्य** (२०५३) पत्रिकामा "भविष्य यात्रा कथासङ्ग्रहभित्रका कथाकार ब्राजाकी" शीर्षकको लेखमा **भविष्य यात्रा** कथासङ्ग्रहमा सङ्कलित कथाहरूले नेपाली समाजको भौतिक र बौद्धिक तहभित्रका उतारचढावलाई धेरै हदसम्म समेट्ने प्रयास गरेको उल्लेख गरेका छन् । यसमा  आञ्चलिकताको खासै उल्लेख गरिएको पाइँदैन ।

ऋषिराज बरालले “आञ्चलिकता, स्थानीय रङ र नेपाली उपन्यास” शीर्षकको **मिर्मिरे** (२०५४) मा प्रकाशित लेखमा आञ्चलिकताको मान्यता प्रस्ट्याउने प्रयास गरेका छन् । उस लेखमा पूर्ववर्ती नेपाली समालोजकरूमा देखिएका कतिपय भ्रमको निराकरण गरिएको छ ।

यज्ञेश्वर निरौलाले **वाङ्मय समालोचना** (२०५५) मा **तिम्री स्वास्नी र म** कथामा आफ्नो संस्कृतिलाई अतिक्रमण गर्दै पाश्चात्य संस्कृति र सभ्यताले समाजलाई विकृत तुल्याएको मानव अस्तित्व बेचिदैँ गएको, नैतिक चरित्रको पतन हुदै गएको, आदर्शपन हराइसकेकोजस्ता विकृत गतिविधिहरूलाई प्रस्ट पार्दै समीक्षा गरिएको छ ।

धनप्रसाद सुवेदी “श्रमिक” ले **नेपाली आञ्चलिक उपन्यासको ऐतिहासिक सर्वेक्षण** (२०५६) शीर्षकको स्नातकोत्तर शोधपत्रमा आञ्चलिक उपन्यासको परिभाषा र स्वरूप प्रस्ट्याउँदै नेपाली आञ्चलिक उपन्यासहरूको सरसर्ती टिपोट गरेका छन् । यस अध्ययनबाट आञ्चलिकताको सैद्धान्तिक परिचय पाउन सकिन्छ ।

विमल अधिकारीले आफ्नो **सामाजिकताका दृष्टिले भविष्य यात्रा कथा सङ्गहभित्रका कथाहरूको विवेचना** (२०६०) नामक स्नातकोत्तर शोधपत्रमा ब्राजाकीलाई समसामयिक नेपाली समाजका विकृति विसङ्गति, निम्न वर्गमाथि सामन्ती वर्गको थिचोमिचो, आर्थिक शोषण र यसबाट सिर्जना भएको विवशता वा शोषितहरूको निरीहता, विकृत्तिजन्य यौनचरित्र, नारीको क्रयविक्रय र राजनैतिक अवस्थालाई विषयवस्तु बनाएर कथा लेख्ने कथाकारका रूपमा चिनाएका छन् । यसमा सामाजिक परिवेशको सामान्य चर्चा गरिएको छ ।

धनप्रसाद सुवेदी “श्रमिक” ले **आञ्चलिक उपन्यास र नेपालीमा यसको परम्परा, प्रतिभा** ( २०५६) मा प्रकाशित लेखमा साहित्यका सन्दर्भमा आञ्चलिकताले कुनै क्षेत्र वा ठाउँविशेषको विशिष्ट साहित्यिक अभिव्यक्तिलाई बुझाउँदछ । हरेक अञ्चलका छुट्टै विशेषता हुन्छन् । भौगोलिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, भाषिक आदि विशिष्टितामा देखाउँदै तत् अञ्चलको सिङ्गो स्वरूप प्रकट गर्ने साहित्यलाई आञ्चलिक साहित्य भन्ने गरेको पाइन्छ ।

इश्वर बरालले **झ्यालबाट** (२०४८) मा मनु ब्राजाकीलाई अभावग्रस्त सामाजिक परिवेशको चित्रण गर्ने कथाकार भनेर चिनाएका छन् ।

सरस्वती गौतमले आफ्नो **भविष्ययात्रा कथासङ्ग्रहको कृतिपरक अध्ययन** (२०६४) नामक

शोधपत्रमा ब्राजाकीका कथाहरूलाई नवीन कथा र शिल्पको प्रस्तुति, सामाजिक तथा मानवीय समस्याको प्रस्तुति, विविध परिवेशको प्रस्तुति, बाल मनोविज्ञानको अभिव्यक्ति, युगीन राजनैतिक प्रभाव, सामाजिक विकृति र विसङ्गतिको चित्रण, प्रस्तुतीमा प्रतीकात्मकता र व्यङ्ग्यात्मकता ब्राजाकीका कथागत विशेषताले सजिएका छन् भनी विवेचना गरेकी छन् ।

उपर्युक्त पूर्वकार्यको अध्ययनबाट मनु ब्राजाकीको आञ्चलिकताको खासै अध्ययन हुन सकेको देखिँदैन । कतिपय अध्ययन कथाको विवेचनाको क्रममा परिवेशको सामान्य चर्चामा सीमित छन् । कतिपय अध्ययनमा देश, काल र सामाजिक वातावरणको विवेचना पनि गरिएको पाइन्छ । यी पूर्वकार्यको अध्ययनले मनु ब्राजाकीको कथामा आञ्चलिकताको अध्ययनमा सघाउ भने पुऱ्याएका छन् ।

## १.५ शोधको औचित्य र महŒव

मनु ब्राजाकीद्वारा लिखित कथाहरूको बारेमा विभिन्न विद्वान्हरूले विभिन्न पत्रिका, शोधपत्र र पुस्तकहरूमा समीक्षात्मक टिप्पणी गरेको पाइए तापनि ती कृतिको आञ्चलिकतालाई विषय बनाएर अध्ययन भएको पाइँदैन । त्यसैले उनका कृतिको आञ्चलिकताको विस्तृत एवं गहन अध्ययन गर्नु नै यस शोधकार्यको औचित्य हो । यसैगरी शिक्षक, विद्यार्थी, शोधार्थी एवं जिज्ञासु सर्वसाधारण पाठकलाई समेत यो शोधकार्य उपयोगी हुनेछ । यो पनि यो शोध कार्यको औचित्य र महŒव हो ।

## १.६ शोधकार्यको सीमाङ्कन

मनु ब्राजाकी नेपाली साहित्य विधामा विशेषतः कथा विधामा चर्चित रहेका छन् । प्रस्तुत शोधकार्यमा उनका कथाको मात्र अध्ययन गरिएको छ र कथाको अध्ययन पनि आञ्चलिकतामा केन्द्रित रहेको छ । यही नै यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र अध्ययन तथा विश्लेषण सैद्धान्तिक आधार पर्दछन् ।

### १.७.१ सामग्री संकलन विधि

प्रस्तुत कार्यका लागि पुस्तकालयीय अध्ययन विधिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । त्यसैगरी विभिन्न विद्वान्हरूलाई भेटी आवश्यक सल्लाह सुझाव लिने काम पनि गरिएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधपत्रमा कथाको अध्ययनका लागि सङ्कलित सामग्रीहरूको विश्लेषण वर्णनात्मक एवं विश्लेषणात्मक विधिद्वारा गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित एवं सुसङ्गठितरूपमा प्रस्तुत गर्नका लागि जम्मा पाँचओटा परिच्छेदमा विभाजन गरेर तयार पारिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : कथामा आञ्चलिकताको परम्परा

तेस्रो परिच्छेद : मनु ब्राजाकीका कथामा प्रयुक्त आञ्चलिकताको प्रयोग

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भसामग्रीसूची

## दोस्रो परिच्छेद

# कथामा आञ्चलिकताको प्रयोगको परम्परा

### २.१ विषयप्रवेश

मनु ब्राजाकीको कथायात्रा वि. सं. २०१६ देखि २०७४ सालसम्म फैलिएको छ । प्रारम्भिक लेखनदेखि नै उनका कथामा आञ्चकिताको प्रयोग पाउन सकिन्छ । यति लामो कथायात्रामा उनका कथामा आञ्चलिकताको प्रयोगमा केही समता र केही विषमताहरू पाउन सकिन्छ । उनका कथाको आञ्चलिकताको प्रयोगको अध्ययन गर्नुपूर्व आञ्चलिकताको सैद्धान्तिक ज्ञान र उनको आञ्चलिक प्रयोगको परम्परा निक्र्यौल गर्नु वाञ्छनीय हुन्छ । त्यसैले यस परिच्छेदमा आञ्चलिकताको सैद्धान्तिक परिचय प्रस्तुत गर्दै मनु ब्राजाकीका कथामा आञ्चलिकता प्रयोगको परम्पराको अध्ययन गरिएको छ ।

### २.२ आञ्चलिकताको सैद्धान्तिक परिचय

साहित्यमा आञ्चलिकताको प्रयोगको प्रवृत्ति पाश्चात्य साहित्यबाट प्रारम्भ भएको हो । अहिले नेपाली साहित्यमा पनि यसको प्रयोग पाइन्छ ।

कुनै खास स्थान विशेष क्षेत्र वा अञ्चलविशेषसित सम्बन्धित कुरा जस्तो लाग्ने आञ्चलिक शब्दले साहित्यमा एउटा खास मान्यतालाई बुझाउँछ (बराल, २०४५ : ४०४) । “अञ्चल” शब्दमा “इक” प्रत्यय लागी “आञ्चलिक” शब्द बन्दछ र “आञ्चलिक” मा “ता” प्रत्यय जोडिँदा “आञ्चलिकता” शब्द बन्दछ । “अञ्चल” शब्दले कुनै प्रान्त, क्षेत्र, प्रदेश, भेग वा ठाउँ भन्ने अर्थ जनाउँछ अनि “आञ्चलिकता” शब्दले चाहिँ आञ्चलिक हुनुको भाव वा अवस्था भन्ने बुझाउँछ ( अवस्थी, २०५६ : ३०) ।

नेपाली साहित्यमा प्रयोग गरिने “आञ्चलिकता” शब्दको पर्यायवाची अङ्ग्रेजी शब्द “रिज्नलिज्म” ९च्भनष्यलबष्कि० हो । “रिज्नलिज्म” शब्द अङ्ग्रेजीको च्भनष्यल बाट च्भनष्यलबि हुँदै बनेको

हो जसको नेपाली अर्थ क्रमशः “अञ्चल” र “आञ्चलिक” हुन्छ । यसरी हेर्दा आञ्चलिकता शब्दको शाब्दिक अर्थ अञ्चलसित सम्बन्धित भन्ने बुझिन्छ । त्यसो भए तापनि साहित्यका सन्दर्भमा शाब्दिक अर्थले मात्र पुग्दैन । साहित्यका सन्दर्भमा आञ्चलिकता शब्दले अन्य विशेषताहरू पनि बुझाउँदछ ।

"आञ्चलिकता" कुनै ठाउँविशेषको सांस्कृतिक, भौगोलिक र आर्थिक विशिष्टताको सिर्जनात्मक र वैज्ञानिक दृष्टिकोणको प्रस्तुति हो भन्ने कुरा **द अक्स्फोर्ड कम्पेनियम टु अमेरिकन लिटरेचर**मा उल्लेख छ ।

ऋषिराज बरालका विचारमा आञ्चलिकता सहरी जीवनभन्दा परको खास गरेर ग्रामीण जीवन, संस्कृति, रहनसहन तथा त्यहाँको समग्र जीवनवृत्तको अभिव्यक्तिसित गाँसिएको छ । निश्चित अञ्चल, निश्चित स्थान विशेष, परिवेश र वातावरणसित आञ्चलिकता गाँसिएको हुन्छ (बराल, २०५४ : ३९–४०) ।

कृष्णचन्द्रसिंह प्रधानका धारणामा आञ्चलिकता भनेको कुनै निश्चित अञ्चल वा क्षेत्रको मुभी क्यामेराको हेराइ हो, त्यस ठाउँको खण्ड-दृश्यहरू, खण्डवस्तुहरू, खण्डछविहरू त्यसको घेराभित्रको फोकसमा अङ्कित् हुन्छन् र तिनीहरूको अन्वयमा एक पूर्णचित्र दृष्टिगोचर हुन्छ ।" (प्रधान, २०४३ : ३०१) ।

समग्रमा भन्नुपर्दा आञ्चलिकता भनेको क्षेत्र वा अञ्चलविशेषको सिङ्गो अभिव्यक्ति हो । निश्चित र विशिष्ट अञ्चलको भौगोलिक, सामाजिक, सांस्कृतिक र आर्थिक विशिष्टताहरू, त्यस अञ्चलको जीवनचर्या, रहनसहन, लोकसंस्कृति तथा लोकसाहित्यसमेतको प्रयोगले आञ्चलिकता बन्दछ । आञ्चलिकताका मूल्य कथ्य वा नायक स्वयं अञ्चल हुन्छन् । अञ्चलको स्थानीय बोलीको प्रयोग भएको हुनुपर्दछ ।

## २.३ पृष्ठभूमि र प्रारम्भ

कला-साहित्य शून्यमा सिर्जित हुँदैन । प्रत्येक मान्छेमा सामाजिक पर्यावरणको प्रभाव रहने हुँदा र प्रत्येक साहित्यकार कुनै न कुनै देश कालमा रहने हुनाले खासको प्रभाव साहित्यमा पर्दछ । मान्छे स्वभावले आफ्नो जन्मभूमिप्रति नतमस्तक हुन्छ । उसलाई आफू जन्मेहुर्केको ठाउँप्रति असीमश्रद्धा जाग्दछ । माटोप्रतिको माया, भावुकताजस्ता कुराहरूले आञ्चलिक जीवनतर्फ साहित्यकारहरूलाई प्रवृत्त गराएको देखिन्छ ।

आञ्चलिकताको परम्परा अमेरिकाबाट सुरु भएको मानिन्छ । यस आन्दोलनको पृष्ठभूमि र परम्परा सबै देशमा समान ढङ्गले लागू भएको पाइँदैन । अमेरिकामा आफ्नो जन्मस्थल, क्षेत्र र भूमिलाई चिनाउँने एउटा लहर चलेको बेला आञ्चलिक लेखनले साहित्यकारहरूमा प्रभाव पारेको देखिन्छ भने भारतमा त्यहाँको विशिष्ट भौगोलिक स्थिति, विशिष्ट साँस्कृतिक पक्ष र जातिगत

विविधताको पनि ठूलो भूमिका रहेको छ । नेपालमा जन्मथलोप्रतिको प्रेम, मानवतावादी सोच र विश्वसाहित्यका नवीन सिद्धान्तलाई गाउँमै प्रयोग गरी वैशिष्ठ्य प्रस्तुत गर्ने क्रममा आञ्चलिक लेखन सुरुवात भएको देखिन्छ । यसरी हेर्दा आफ्नो जन्मथलोप्रतिको माया, पिछडिएको क्षेत्र र जातिलाई चिनाउँने रहर, मानवतावादी दृष्टिकोण, जीवनप्रतिको असन्तोष आदि आञ्चलिकताका प्रेरणा स्रोत बनेको देखिन्छ । यी बाहेक आञ्चलिकताको उदय हुनुका पछाडि स्वच्छन्दतावादी आन्दोलनको विश्वव्यापी प्रभाव रहेको छ भन्ने तर्क पनि देखिन्छ । तर आञ्चलिकता स्वच्छन्दतावादी आन्दोलनको विश्वव्यापी प्रभाव हो भन्ने कुरामा कतिपय समालोचकहरू अस्वीकार गर्छन् । ऋषिराज बरालको विचारमा स्वच्छन्दतावादी आन्दोलनको विश्वव्यापी प्रभावले आञ्चलिकताको उदय भएको भन्ने कुरा इङलैण्डका सन्दर्भमा त स्वीकार्न सकिने तर अमेरिकी सन्दर्भमा भने यो स्वीकार्य छैन ।

स्वच्छन्दतावादी आन्दोलनले लेखकहरूलाई पिछडिएको ग्रामीण समाज, उपेक्षित जातजाति तथा प्राचिन धर्म संस्कृतिप्रति आकृष्ट गराएको र यसबाट आञ्चलिकताको उदयमा प्रेरणा प्रदान गरेको कुरालाई स्वीकार गर्न भने सकिदैन तर आञ्चलिकता स्वयंमा स्वच्छन्दतावादी प्रवृत्ति नभएर यथार्थवादी प्रवृत्तिकै विशेषरूप हो भन्ने कुरामा धेरैको एकमत देखिन्छ ।

## २.४ आञ्चलिकता र स्थानीय रङ

आञ्चलिकता र स्थानीय रङलाई एउटै ठान्ने भ्रम कतिपय समालोचकहरूमा पाइन्छ र नेपाली साहित्यका कतिपय समालोचकहरू पनि यी दुईवीचको भिन्नता छुट्याउँन र ठम्याउँन नसक्दा अन्योलमा परेका देखिन्छन् । स्थानीय रङरोगन मात्रै आञ्चलिकता होइन, स्वयंमा एउटा विधा हो र यसको लक्ष्य स्थानीय रङको प्रयोगमा नितान्त भिन्न रहन्छ । आञ्चलिक कथाको परिणाम र विशेषता केलाउने क्रममा स्थानीय रङ र आञ्चलिकता सम्बन्धि भिन्नतालाई राम्ररी प्रष्ट्याउने काम विद्वानहरूबाट भएको पाइन्छ । स्थानीय रङको प्रयोग र ग्रामीण क्षेत्रको चित्रण जासुसी कथादेखि प्रगतिवादी कथासम्म भएको हुन्छ भन्दै स्थानीय रङ र आञ्चलिकतामा स्पष्ट भिन्नता रहने धारणा ऋषिराज बरालको देखिन्छ । उनका विचारमा स्थानीय रङ त सबैथरी कथामा हुन सक्छ । स्थानीय रङले मात्रै आञ्चलिकता हुँदैन केही अंश आञ्चलिकता त प्रायः सबै कथामा हुन्छ ।

स्थानीय रङ स्वयंमा आञ्चलिकता भने होइन । आञ्चलिकताको अनिवार्य उपकरण मात्र हो । अन्य प्रकारका रचनामा स्थानीय रङको प्रयोग सजावटको साधन वा गहनाका रूपमा अर्थात् पृष्ठभूमि सजाउँन आउँछ । आञ्चलिकतामा भने आञ्चलिक विशिष्टता झल्काउँन अपरिहार्य तत्वका रूपमा

आउँछ । यसर्थ स्थानीय रङको प्रयोगबाट आञ्चलिक विशिष्टताको उजागर भएपछि मात्र आञ्चलिकता बन्दछ । आञ्चलिक विशिष्टताको उजागर गर्न नसक्ने स्थानीय रङले आञ्चलिकता हुँदैन । अतः आञ्चलिकता साध्य हो भने स्थानीय रङ साधन हो । वास्तवमा स्थानीय रङले विशिष्टता हासिल गरेपछि मात्रै नै आञ्चलिकता बन्दछ ।

### २.५ आञ्चलिकताका आधारमा कथा विश्लेषणको ढाँचा

आञ्चलिकताको आधारमा कथा विश्लेषणको ढाँचा यहाँ प्रस्तुत गरिएको छ ।

#### २.५.१ अञ्चल नै कथ्य विषय

आञ्चलिक कथाको कथ्य विषय र कथाको नायक भन्नु नै अञ्चल हो । अञ्चलको भूगोल, त्यहाँको जीवनपद्धति, त्यहाँको संस्कृति, सामाजिक पर्यावरण, आर्थिक-सामाजिक तथा अन्य विशिष्ट समस्याहरू, भाषासमेतको चित्रण नै आञ्चलिक कथाको विषय हो । आञ्चलिक कथाले अञ्चललाई केवल पृष्ठभूमि बनाउँने होइन, अञ्चललाई यथार्थमा चिनाउँने काम गर्दछ । आञ्चलिकताका सन्दर्भमा अञ्चल भन्नाले निश्चित र सीमावद्ध भौगोलिक पर्यावरण त्यस भौगोलिक पर्यावरणभित्रको जीवनवृत्त र त्यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक र भाषिक आदि विशिष्टताहरू हुन्छन् ।

#### २.५.२ स्थानीय रङको विशिष्ट प्रयोग

स्थानीय रङको प्रयोग आञ्चलिक कथाको अनिवार्य तत्व हो । कथ्य अञ्चलको स्थानीयताको चित्रणबिना आञ्चलिक कथा सम्भव हुँदैन । आञ्चलिकताको जन्म स्थानीय रङको विशिष्ट प्रयोगबाट आञ्चलिक विशिष्टता प्रकट हुन थालेपछि भएको देखिन्छ । यसर्थ आञ्चलिकताको जग भन्नु नै स्थानीय रङ देखा पर्दछ । स्थानीय भाषा, लोकसंस्कृति, रहनसहन उनीहरूको स्वभाव, बानीव्यहोरा आदिको विशिष्ट चित्रणबाट स्थानीय विशेषता झल्किन्छ अनि मात्रै आञ्चलिक कथा पूर्ण बन्दछ ।

#### २.५.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

समाजशास्त्र समाजको वैज्ञानिक अध्ययनको विषय हो । आञ्चलिक कथामा अञ्चल विशेषको विशिष्टता देखाइने भएको हुँदा कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण हुनु आवश्यक हुन्छ । सामाजिक व्यवस्था, आर्थिक स्थिति, जातजाति, वर्ग, व्यवसाय, रहनसहन आदिको समाजशास्त्रीय ढङ्गमा चित्रण हुनु आञ्चलिक कथाको लागि आवश्यक हुन आउँछ ।

### २.५.४ चरित्रचित्रण

अञ्चलको सम्पूर्ण विशिष्टता झल्काउँदै अञ्चललाई सम्पूर्णमा चिनाउनका लागि आञ्चलिक कथामा विभिन्न चरित्रका पात्रहरू जस्तैः उच्च-नीच, असल-खराव, पठित-अपठित आदि सम्पूर्ण विशेषतायुक्त चरित्रहरूको प्रयोग गरिन्छ ।

### २.५.५ लोकजीवन, लोकसंस्कृति र दैनिक जीवनचर्याको चित्रण

आञ्चलिक कथाले कथ्य अञ्चलको लोकजीवन, लोकसंस्कृति र दैनिकजीवनचर्याको चित्रण हुनु पर्दछ । लोकगीत, उखानटुक्का, परम्परागत संस्कार, रुढीवादी संस्कृति र दैनिक जीवनचर्याको चित्रण हुनु आञ्चलिक कथामा सर्वथा आवश्यक हुन्छ । लोकजीवन, लोकसंस्कृति र दैनिक जीवनचर्याको चित्रणबाट नै त्यस अञ्चललाई अन्य अञ्चलबाट पृथक गराएर हेर्न र बुझ्न सकिन्छ र आञ्चलिक विशिष्टता प्रष्टिन सक्दछ । आञ्चलिक कथाले लोकजीवन र लोकसंस्कृतिको चित्रणमा विशेष रुचि राख्दछ ।

### २.५.६ यथातथ्य फोटोप्रकृतिको चित्रण

आञ्चलिक कथामा दृश्य वनजङ्गल, खोलानाला, भेषभूषा, पहिरन, संस्कृति र भाषिक व्यवहार आदि झल्किनु आवश्यक भएकाले कथामा फोटोप्रकृति चित्रण र अञ्चलको रूप सौन्दर्यप्रति आकर्षण भएको पाइन्छ ।

### २.५.७ स्थानीय भाषा

आञ्चलिक कथाको भाषा, स्थानीय हुनुपर्दछ । आञ्चलिक विशिष्टता झल्किने गरी स्थानीय भाषाको प्रयोग हुनु आवश्यक छ । कथामा स्थानीय भाषा, लोकोक्ति, उखानटुक्का, लोकगीतभित्र पात्रअनुरुप सम्वादयोजना नितान्त आवश्यक रहन्छ ।

### २.५.८ आञ्चलिकता नै उद्देश्य

आञ्चलिक कथाको उद्देश्य भन्नु नै आञ्चलिक विशिष्टता प्रष्ट्याउनु हो । आञ्चलिक कथाको उद्देश्य आञ्चलिक विशिष्टता देखाएर त्यस कथ्यअञ्चलको सिङ्गो स्वरूप देखाउनु भएकाले कुनै वाद,

सिद्धान्त, दर्शन वा कुनै सामान्य मानवीय प्रवृत्ति मनोविज्ञान, प्रेम वा त्यस्तै कुनै सामान्य विषय त्यस अञ्चल विशेषमा केकसरी विशिष्ट भएर रहन पुगेको छ भन्ने कुरा देखाउँछ । लेखकको तटस्थताले नै आञ्चलिक कथाले आफ्नो वैशिष्ठ्य कायम राख्न सक्दछ ।

## २.६ मनु ब्राजाकीको सङ्क्षिप्त परिचय

मनु ब्राजाकीको जन्म वि.सं. १९९९ साउन १९ गते सोमबारका दिन महोत्तरी जिल्लाको औरही गा. वि. स. वडा नं. २ नैनीगौरी गाउँमा भएको हो । उनी पिता लिप्तमान सिंह भण्डारी र माता शान्तिदेवी भण्डारीका ज्येष्ठ सुपुत्र हुन् । उनको वास्तविक नाम चेतमान सिंह भण्डारी हो । साहित्यका क्षेत्रमा श्यामकुमार भण्डारी, श्यामबाबु, "मनु", "सगर", "नासत्य", "हेमन्त", "हरि", "विलियम त्रियोगी" र "मनु ब्राजाकी" आदि नामको प्रयोग गरे तापनि उनी मनु ब्राजाकी नामले बढी प्रसिद्ध छन् (राई, २०६३ : ६) । मनु ब्राजाकी उपनाम राख्नुका पछाडि कुनै कारण नभए पनि संस्कृतमा "मनु" को अर्थ मनुष्य र "ब्रज" को अर्थ संसार त्याग्ने हुन्छ । यसैलाई आधार मानेर मनु ब्राजाकी नाम राखिएको भए तापनि पछाडि जात, थर राख्न मन नलागेर नराखिएको भन्ने उनको स्वीकारोक्ति पाइन्छ (अधिकारी, २०६० : ९) ।

शिक्षित र धनाढ्य परिवारमा जन्म भएकाले उनको बाल्यकाल सुखसयलका साथ बितेको देखिन्छ । तीन चार वर्षको उमेरदेखि नै उनले बुबाआमाभन्दा हजुरबुबाको संरक्षणमा रहेर शिक्षार्जन गर्ने मौका पाए । उनले हजुरबुबासँगै बसेर बनारसको हरिश्चन्द्र हाइस्कूलमा अध्ययन गरेका थिए (कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी/लेखक, २०७५ : ४) । काशीवासकै अवधिमा अर्थात् सन् १९६४ मा उनको हजुरबुबाको देहान्त भयो । उनी नेपाल फर्किए । माध्यमिक स्तरको शिक्षा आर्जनका लागि पोखराको मल्टी पर्पस हाइस्कूलमा भर्ना भई पढ्न थालेका भए पनि नेपाली विषयको टेस्ट परीक्षामा सम्पूर्ण समय एक श्लोक कविताको व्याख्यामा खर्चिएर अनुत्तीर्ण हुनुपरेको थियो । कक्षा दसको टेस्ट परीक्षामा असफल भएपछि उनी पुनः जनकपुर गएर सरस्वती मा.वि. जनकपुरमा गएर पढ्न थाले । त्यसै विद्यालयबाट वि. सं. २०१९ सालमा एस. एल. सी. उत्तीर्ण गरे । त्यसपछि उच्च शिक्षा आर्जनका लागि रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुरधाममा आई. ए. मा भर्ना भए तर उक्त तह पूरा नगरी उनले पढाइ छाडेको देखिन्छ (पोखरेल, २०४९ : ३) ।

मनु ब्राजाकी मूलतः कथाकार हुन् । उनको लेखनको सुरुआत वि. सं. २०१६ सालमा पोखराको

मल्टी पर्पस नेसनल हाइस्कूलमा म्याट्रिक पढ्दादेखि भएको हो (राई, २०६३ : ७) । प्रकाशनका दृष्टिले जनकपुर अञ्चलको तत्कालीन अञ्चल पञ्चायतले निकाल्ने **अञ्चल सन्देश** पत्रिकामा ब्राजाकीको "भञ्याङ" (२०१९) नामक रचना प्रकाशित भएको र त्यही नै उनको पहिलो कथा रहेको मानिन्छ (राई, २०६३ : ७) । भञ्याङलाई प्रतीकात्मक रूप दिएर लेखिएको उक्त कथामा जनकपुरको एक निम्न वर्गीय कर्मचारी पात्रको उत्थान र पतनलाई छर्लङ्ग पारिएको छ ।

वि. सं. २०३८ सालदेखि कथाका पुस्तकाकार कृति लिएर देखापरेका ब्राजाकीले थुप्रै कथाहरू लेखेका छन् । ब्राजाकीको पहिलो कथासङ्ग्रह **अवमूल्यन** हो । यसमा जम्मा अठारओटा कथाहरू सङ्कलित छन् । यी कथा उनले वि. सं. २०२६ बाट २०३५ सालसम्म लेखेका र धेरैजसो तत्कालीन विभिन्न साहित्यिक पत्रपत्रिकामा प्रकाशित गरिसकेको पनि पाइन्छ । साहित्यका क्षेत्रमा नवचेतनावादी कथाकारका रूपमा परिचित मनु ब्राजाकीको मस्तिष्काघातका कारण ७४ वर्षको उमेरमा वि. सं. २०७४ साल माघ १९ गते शुक्रबारका दिन पाटन अस्पतालमा भएको हो ।

सानै उमेरदेखि नै आफ्नो सिर्जना प्रकाशनमा ल्याउन थालेका ब्राजाकी जीवनको उत्तरार्द्धसम्म पनि साहित्य सिर्जनामा निरन्तर रूपमा लागेका पाइन्छ । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि आफूलाई हृदयदेखि नै कथा विधामा सिद्धहस्तता प्राप्त भएजस्तो लाग्ने कुरा अभिव्यक्त गरेका थिए । उनको सिर्जनाको दोस्रो विधा गजल हो र यो सोखका रूपमा लेख्ने गरेको पाइन्छ । उनले नेपाली साहित्यको फाँटमा विशेष रूपले कथा र गजलको क्षेत्रमा निरन्तर सेवा र साधना समर्पण गरेबापत विभिन्न पुरस्कार र सम्मानसमेत प्राप्त गरेका छन् । उनले प्राप्त गरेका सम्मान तथा पुरस्कार क्रमशः तल प्रस्तुत गरिएको छ (कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी/लेखक, २०७५ : ३५३) :

**पुरस्कार :**

मैनाली कथा पुरस्कार (२०३९)
साझा पुरस्कार (२०४६)
गङ्गा-लक्ष्मी पुरस्कार (२०४७)
सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०५१)
शङ्कर कोइराला स्मृति पुरस्कार (२०६१)
मोतीराम भट्ट तन्नेरी पुरस्कार (२०६३)
शुक्ला साहित्य पुरस्कार (२०६५)

महाकवि देवकोटा पुरस्कार (२०६९)

जगदीश घिमिरेस्मृति पुरस्कार (२०७४)

**सम्मान :**

गोपालप्रसाद रिमाल सम्मान (२०५१)

पूर्वाञ्चल गजल सम्मान (२०६१)

सामाजिक सम्मान (२०६३)

तन्नेरी द्वैमासिक प्रशंसापत्र (२०६५)

विभिन्न गजल सम्मान

## २.७ नेपाली कथामा आञ्चलिकता प्रयोगको परम्परा

आञ्चलिकता मूलतः परिवेशसँग सम्बद्ध हुन्छ र त्यसमा पनि स्थानिक परिवेश आञ्चलिक कथाको मूल आधार क्षेत्र हो । आधुनिक नेपाली कथाको प्रारम्भिक समयका गुरुप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू मूलतः आञ्चलिक नभए पनि आञ्चलिकताका दृष्टिले विश्लेषणीय छन् । मैनालीका “परालको आगो”, “छिमेकी”, “कर्तव्य” जस्ता कथामा पहाडिया आञ्चलिक परिवेश जीवन्त रूपमा प्रतिबिम्बित भएको पाइन्छ भने विश्वेश्वरप्रसाद कोइरालाका “श्वेत भैरवी”, “सिपाही”, “मधेशतिर” आदि कथाहरूमा तराईली सामाजिक परिवेश र आञ्चलिकताको स्पष्ट प्रभाव पाइन्छ । “सिपाही” कथामा पूर्वी पहाडको आञ्चलिक परिवेश छ । रमेश विकलका “लाहुरी भैंसी” लगायतका धेरै कथामा पूर्वी पहाडिया आञ्चलिक परिवेश जीवन्त देखिन्छ भने गोविन्दबहादुर मल्ल “गोठाले” र विजय मल्लका अधिकांश कथाहरू काठमाडौंको नेवारी समाजको प्रभावपूर्ण बिम्बचित्रका दृष्टिले विवेचनीय छन् र ती कथा पनि आञ्चलिकताको प्रयोगका दृष्टिले प्रभावपूर्ण देखिन्छन्

तराईली आञ्चलिक परिवेशको जीवन्त चित्रण र आञ्चलिक कथाको सशक्त नमुनाका रूपमा भवानी भिक्षुको “हारजीत” कथाले संवहन गरेका तराईली आञ्चलिकता स्थानीय परिवेशका दृष्टिले भिन्न भए पनि प्रभावोत्पादकता यी दुवै कथामा सशक्त देखिन्छन् । मनु ब्राजाकीले जीवनको प्रारम्भिक काल तराई मधेस क्षेत्रमा बिताएका ब्राजाकीले कथा लेखनमा पनि त्यहींको सामाजिक विकृति विसङ्गतिलाई उजागर गरेका छन् । खासगरी मिथिला क्षेत्रको आञ्चलिकता उनको कथाकारिताको अर्को विशेषता हो ।

आधुनिक नेपाली कथाको पूर्ववर्ती युगमा आञ्चलिक प्रवृत्तिका मात्र कथा लेख्ने कथाकारहरू केही कम भए पनि धेरै कथाकारहरूका कतिपय कथामा आञ्चलिक प्रवृत्तिका प्रशस्त अभिलक्षण देखिन्छन् । आञ्चलिक प्रवृत्ति केही बढी पाइने कथाकारहरूमा शङ्कर कोइराला उल्लेखनीय छन् । आञ्चलिक प्रवृत्तिका समेत कथा लेख्ने अन्य कथाकारहरूमा पुष्कर समशेर, बालकृष्ण सम, हृदयचन्द्र सिंह प्रधान, पूर्णदास श्रेष्ठ, दौलतविक्रम विष्ट, पोषण पाण्डे, सोमध्वज बिष्ट, कुमार ज्ञवाली, मदनमणि दीक्षित, मनु ब्राजाकी आदि पर्दछन् (गौतम, लक्ष्मणप्रसाद (२०६८), “समकालीन नेपाली कथामा आञ्चलिकताको प्रयोग”, **समकालीन साहित्य** (अङ्क १ पूर्णाङ्क ६७, माघ, फागुन, चैत पृ. ३६-३९) ।

## २.८ मनु ब्राजाकीका कथायात्रा र आञ्चलिकताको प्रयोग

मनु ब्राजाकी “भञ्याङ” (२०१९) शीर्षकको कथा लिएर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनका कथामा सामजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी तथा आलोचनात्मक यथार्थवादी प्रवृत्ति पाइन्छ । प्रारम्भमा उनी आञ्चलिक कथा लेखनमा सक्रिय देखिन्छन् । पछि भने मनोवैज्ञानिक प्रवृत्तितर्फ बढी झुकेका छन् । उनका कथामा सम्वेदनशीलताको अभिव्यक्ति पाइन्छ । उनले समाजका निम्न वर्गका पात्रको निरीहता, विवशता र अपमानजनक जीवन बिताउनुपर्ने यथार्थ अभिव्यक्ति दिएका छन् । उनले विविध विषयक्षेत्रभित्र प्रवेश गरी यौनजीवनदेखि विसङ्गतिपूर्ण जीवनको चित्रण गरेका छन् । मनु ब्राजाकी स्थानीय रङ्गको प्रयोग गर्ने कथाकार हुन् । उनले आफू जन्मे हुर्केको र बढेको तराईको स्थानीय रङ्ग आफ्ना कथाकृतिमा भरेका छन् । उनका प्रायः कथामा तराईको स्थानविषेशको लोकजीवनको संस्कार र संस्कृति अनि सभ्यता र जीवनशैलीलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । स्थानीय हावापानी वा भौगोलिक स्थितिको प्रत्यक्ष प्रभाव परेका कारण भेषभूषा, रीतिरिवाज, चाडपर्व आदिमा देखिएका कुरालाई जस्ताको तस्तै छर्लङ्ग पारेका छन् । उनले अन्नको भण्डार भनिएको तराईका अधिकांश बासिन्दा भोका-नाङ्गा हुन गएको यथार्थलाई खोतलखातल गरेका छन् । त्यहाँको समाजमा देखिएको सामन्तीप्रथाको कारण क्रुर बनेका छन् । वर्षौंदेखि रैतीका रूपमा जीवन सङ्घर्ष गर्दै पीडा भोगिरहेका अधिकांश गरिबहरूको दुर्नियतिलाई उनले आफ्ना कथामा चित्रण गरेका छन् ।

मनु ब्राजाकीले तराई क्षेत्रका सामाजिक परिवेशभित्रका दुष्कर्म तथा नियतिहरूको चिरफार गर्ने काम गरेका छन् । यसै सन्दर्भमा नारीमाथि हुने अन्याय अत्याचार तथा यौन शोषणका साथै चेलीबेटीहरूको बेचविखन र देह व्यापारका लागि यिनीहरूलाई पारिने बाध्यताजस्ता कुरालाई पनि आफ्ना कथाहरूमा देखाएका छन् । उनका नारी केन्द्रित कथाहरूले समाजका नग्न र कालो सत्यलाई यथावत् रूपमा प्रस्तुत गरेका छन् । गरिवीका कारण र आफ्नो जीविकोपार्जनका लागि कतिपय

महिलाहरू देहव्यापारमा लाग्न बाध्य पारिएको तिखो व्यङ्ग्य उनका कथामा पाइन्छ । निमुखा गरिबमाथि गरिने अन्याय अत्याचार, शोषण, दमन गरेर आफूलाई महान् सोच्ने तथाकथित सम्पन्न वर्गमाथि उनले तीव्र प्रहार गरेका छन् । तराईको खासगरी मिथिला क्षेत्रको स्थानीयपनलाई जस्ताकोतस्तै आफ्ना कथामा प्रस्तुत गर्न सक्ने हुनाले आञ्चलिकता उनको कथाको विशेषता हो । आफ्ना कथामा मिथिला क्षेत्रको कथ्य भाषालाई जस्ताकोतस्तै टपक्क टिपेर पाठकसामू प्रस्तुत गर्नसक्ने कथाकार मनु ब्राजाकी कथाहरूमा स्थानीय परिवेशका विभिन्न सामाजिक-सांस्कृतिक क्षेत्रभित्र बोलिने ठेट लवजलाई समेत निरन्तरता दिँदै आञ्चलिक कथा लेखनमा सक्रिय देखिन्छन् ।

### २.८.१ अवमूल्यन कथासङ्ग्रह (२०३८)

**अवमूल्यन** कथासङ्ग्रहभित्रका कथाहरू धेरैजसो लघु आयामकै देखिन्छन् र तिनले तत्कालीन समाज र जीवनका विविध समस्याहरूलाई आफूमा समेटेका छन् । यस्ता समस्याहरू विशेषतः लेखक हुर्केबढेकै क्षेत्र या तराईको ग्रामीण समाजका नै बढी देखिन्छन् । ग्रामीण समाजका हुनेखाने टाठाबाठा, नेता या सामन्त जमीनदारीहरूले गाउँले निमुखा मानिसका घरखेत, जहान परिवार, छोरीचेलीहरूप्रति गर्ने गरेको आर्थिक, नैतिक र शारीरिक शोषणलाई विशेष महŒवका साथ प्रस्तुत गरिएको छ । यस्ता कथामा एकातिर विपन्नको अबोधता, निरीहता, पटेका बाध्यता र विवशताजस्ता स्थितिले उनीहरूको जीवन आदर्शहीन, दिशाहीन, नग्न र कुरूप देखाइएको छ भने अर्कातिर जमीनदार या टाठाबाठाहरूको क्रुरताले भरिएको आडम्बरभित्र रहेको शोषण, दमन, अन्याय, अत्याचार र विभत्स चरित्रलाई पनि सङ्केत गरिएको छ । उनका यस सङ्ग्रहका प्रायः सबै कथाहरूमा तराईको ग्रामीण परिवेशको आञ्चलिकता झल्किएका छन् । यस कथा सङ्गहभित्र सङ्कलित कथा हुन्– अवमूल्यन, धर्म प्राण, दर्शन र भ्यागुतो, अमलेख, भोलिसँगै खाउँला, साँघुरो आकास, एकान्त, खाल्डो, युद्ध , कुनै माछा छैन, गधा, यस्ता मानिस, हवल्दार र इज्जतदार समूह, अशुद्ध भाषामा गरिएको व्याकरण  पाठ, भ्यागुतो ,राता आँखा पहेंला आँखा, पर्दा, काम ।

### २.८.२ आकाशको फल कथासङ्ग्रह (२०४२)

मनु ब्राजाकीको दोस्रो कथासङ्ग्रह **आकाशको फल** हो । यस कथासङ्ग्रहमा चौधओटा कथाहरू सङ्कलित छन् । यी कथामा गाउँका हुनेखानेले विपन्न पारिवारिक नारीहरूप्रति गर्ने गरेको चरम यौनशोषण र भोकले पिल्सिएका उनीहरूका सन्ततिको दुरावस्था देखाइएको छ । समग्रमा हेर्दा **आकाशको फल** कथा सङ्ग्रहका कथाले समाजका हुनेखाने वर्गद्वारा विपन्न परिवारका नारीहरूको विभिन्न बहानामा गरिने गरेको अस्मिताको अपहरणको समस्यालाई नै विशेष महŒवका साथ प्रस्तुत

गरिएको छ । कथामा सबैजसो महŒवपूर्ण र सचेत ठानिने पुरुषहरू जँड्याहा, कामुक, अनैतिक, हिंस्रक र स्वेच्छाचारी प्रवृत्तिका देखिन्छन् । सकारात्मक सोच भएका इमान्दार केही कर्मचारीले सरुवाको प्रकोप बेहोर्नु परेको देखिन्छ । धेरैजसो कथाका परिवेश लेखक जन्मेहुर्केको (जनकपुर) कै सेरोफेरोको छ । यस कथासङ्ग्रहमा सङ्गृहीत कथाहरू हुन्– आकाशको फल, सिउँडीको फूल, रेवतिया माने रफिकन, बहादुरीको नाक, हुरी, पानीको पतकर, कल्पनाको कैदी, पानी देऊ देऊ, सानो माछा धोबी खोलाको वरगमा, धुले धरतीको वियोग, नहिसत, फेल भएको मास्टर, पूजा, दशैंका केही अनुहार ।

### २.८.३ तिम्री स्वास्नी र म कथासङ्ग्रह (२०४६)

मनु ब्राजाकीको **तिम्री स्वास्नी र म** तेस्रो कथासङ्ग्रह हो । यसमा वि. सं. २०४० सालदेखि २०४३ सालसम्म लेखिएका पन्ध्रओटा कथाहरू सङ्कलित छन् । यस कथासङ्ग्रहका धेरैजसो कथामा नारीसमस्याले नै प्रमुखता पाएको छ । पुरुषप्रधान सामन्ती समाजका पुरुषहरूको बोके प्रवृत्तिबाट विशेषतः विपन्न वर्गका नारी जीवन कति स्वतन्त्र छ भन्ने पक्षलाई मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो, एक हातले बज्ने ताली, सङ्गीतको निलाम्बर र सत्ताको पुछ्रेतारा, भैगो दिनु पर्दैन, शुभलाभ, अक्षरज्ञान र वेश्याको सपना र सुँगुरहरूजस्ता कथामा प्रस्तुत गरिएको छ । यसमा कथाकारले विपन्न वर्गका नारीको यौन शोषणको समस्या मात्रै प्रस्तुत नगरी मध्यमवर्गीय समाजका नारीमा प्रकट हुँदै गएको अतृप्त यौनवासना र उनीहरूको अवैध यौन सन्तुष्टी प्रयत्नहरूलाई पनि विशेष महŒवका साथ प्रस्तुत गरिएको छ । आखिर सजीवको कर्तव्य के हो त ?, सङ्गीतको नीलाम्वर र सत्ताको पुच्छ्रेतारा, भैगो दिनु पर्दैन, शुभलाभ, चौथो दावेदार, अक्षरज्ञान कथा आञ्चलिकताका दृष्टिले निकै उत्कृष्ट कथा हुन् । यी कथाहरूमा समाजमा यौनको मामलामा सारै सङ्कीर्ण असहिष्णु रहेको हुँदा यसमा आमूल सुधार हुनुपर्ने उदार र सहिष्णु हुनुपर्ने अपेक्षा राखेको पाइन्छ । कर्मचारी, समाजसेवा, नेता, मास्टर, डाक्टर, जमीनदार, टाठाबाठाहरूको घुस्याहा, ठगाहा, लुटाहा प्रवृत्तिहरूलाई प्रस्तुत गरिएको छ ।

यसमा सङ्कलित कथाहरू हुन्– मार्‍यो च्याङ्बा मार्‍यो, असिनामा पार्‍यो, मेरो छोरो घुस खाँदैन, देशभक्त, एउटा हातले बज्ने ताली, २०४० सालको प्रेमालाप, तिम्री स्वास्नी र म, आखिर सजीवको कर्तव्य के हो त ?, सङ्गीतको नीलाम्बर र सत्ताको पुच्छ्रेतारा, भैगो दिनु पर्दैन, शुभलाभ, चौथो दाबेदार, उज्जवल भविष्यको सडकवारि-सडकपारि, अक्षर-ज्ञान, वेश्याको सपना र सुँगुरहरू, तपाईको

नाम के हो ? सोध्न सकिन्छ भने !

### २.८.४ **भविष्ययात्रा कथासङ्ग्रह** (२०५२)

अठारओटा कथा सङ्कलित **भविष्ययात्रा** कथासङ्गह ब्राजाकीको चौथो कथासङ्ग्रह हो । वि. सं. २०४२ सालदेखि २०४६ सम्म लेखिएका कथामा पनि सामाजिक विकृति, विसङ्गतिहरूले नै प्राथमिकता पाएको देखिन्छ । यस्ता धेरै कथामा अनैतिक या छाडा यौनको विषय बढी प्रकट भएको छ । यौन दुराचारीमा सम्पन्न वर्गका पुरुष र विपन्न वर्गका नारी नै बढी देखिन्छन् । मध्यम वर्गीय नरनारीमा विलासिताका लागि ब्लु फिल्म हेर्ने, छाडा यौनमा सहभागी हुने प्रवृत्ति पनि देखिएको छ । साहु भनाउँदा शोषक सामान्तहरूको कुकृत्यलाई पनि यस कथाले टिपेको छ । सहर र अर्द्धसहर, गाउँले र परम्परित समाजकावीचमा गाडिएका विसङ्गतिका जराहरूलाई प्रस्तुत कथालेखनमा उखेल्ने प्रयास गरिएको छ । आञ्चलिक र प्रान्तीय वृत्तिहरू एवं प्रस्तूतिका नूतन र पुरातनका आकर्षणपूर्ण ढाँचाहरू कथाकार ब्राजाकीका सशक्त साधन बनेका छन् । उनले सत्ताको आडमा मौलाएका विकृत्तिहरूलाई इमानदारीपूर्वक उखेल्ने प्रयास गरेका छन् ।

यस कथसङ्ग्रहमा राग हजुरिया, चोरहरू र सार्वभौम सत्तासम्पन्न, मूल्य, मान्यता र एकमुठी हरियो घाँस, भविष्य यात्रा, हत्याको भूमिका, प्रेत र परिवार, बन्द ढोकासामु, भुन्टीको भविष्य, निष्करुण मध्याह्न्न, मुक बहुमतको भयभीत खुसी, अर्थमुक्त, गुरु, चेला र माकुराको जालो, आज र भोलि मौसम सफा रहनेछ, के ऊ हुलाकी मात्र हो, नग्नता, घरेलु अर्थात् व्यक्तिगत अर्थात् सार्वजनिक, झ्यालबाट ढोकातिर,  एउटा रात थियो कथाहरू सङ्गृहीत छन् ।

### २.८.५ **पारदर्शी मान्छे कथासङ्ग्रह** (२०६०)

**पारदर्शी मान्छे** मनु ब्राजाकीको पाँचौ कथासङ्गह हो । यस कथासङ्ग्रहभित्र पच्चीसओटा कथाहरू सङ्कलति छन् । यहाँ प्रस्तुत कथाहरूमा पाइने सर्वथा नवीन शैली शिल्पगत सौन्दर्यले कथाहरू स्तरीय बनेका छन् । वर्तमान विसङ्गतिबाट उत्पन्न भएका मानवीय समस्याहरूलाई नै मुख्य रूपमा यस कथासङ्ग्रहभित्र प्रस्तुत गरिएको छ । कथाकारले व्यक्ति, समाज, परिवार, युग र काललाई पारदर्शी भएर हेरेका छन् । ती भित्रका विखण्डित मूल्य तथा अर्थहीन अर्थहरूलाई खोजेर निकालेका छन् । यस सङ्ग्रहका कथामा तराईको ग्रामीण समाजमा बढ्दै गएको विकृत्ति, जीवनको अवमूल्यन, चिन्तन प्रक्रियामा देखापरेको ह्रास, वर्तमान सभ्यताभित्रको खोक्रोपन, आफैँमा बिलुप्त हुँदै गएको नैतिक मूल्य, सन्त्रासपूर्ण परिवेश आदिलाई कथाकारले ज्यादै आकर्षक ढङ्गले विषयवद्ध गरेका छन् ।

यसमा सङ्कलित कथाहरू हुन्– पारदर्शी मान्छे, उनी, जुनी र खाली हात, जोरपैँयु, कान्छी तँ भित्र जा, करुणामय, मनोरञ्जन, सार्वभौम जनकङ्काल, अंश-वंशधारिणी, ईखको बिख, विष्यहीन भविष्यवक्ता, सामन्तको सम्पत्ति, खुसीको पिरो आँसु, एक पटक मात्रै भए पनि, उदाहरणीय सालिक, त्रिनेत्रका खुल्ला आँखा, सत्यवादी र अहिंसावादी, एउटा पद खाली छ, एउटा गजलको जन्म, बाबु हरिहरनारायण सिंहज्यू देव, थ्रि-पिस सुट, प्रमद्वराको प्रणय र रुरुको आत्मीयता, रुपान्तरणको व्यथाकथा, चोली के पिछे क्या है ? परीक्षापछिको कडा परीक्षा, लोडसेडिङ ।

## २.८.६ मनु ब्राजाकीका छोटा कथाहरू (२०७०)

**मनु ब्राजाकीका छोटा कथाहरू** नामक कथासङ्ग्रहमा उन्नाइसओटा कथाहरू सङ्कलित छन् । यस कथासङ्ग्रहमा समसामयिक विषयवस्तुमाथि आधारित भई उद्देश्य प्राप्तिमा सफल छन् । कथामा वर्णित घटनाहरू सहज र सबल छन् । आम नेपालीको जीवनशैली, सुखदुःख र मानवमनका यौनजन्य र समाजको विकृति विसङ्गतिलाई केलाइएको छ । सत्यतथ्यको रहस्योद्घाटन गर्दै मानव समुदायलाई नै नैतिक र चरित्रवान् बन्न अभिप्रेरित गरिएको छ । पात्रहरूको अनुकूल साथै परिवेशगत सत्य उद्घाटित गर्नको लागि यी छोटा कथाहरूमा आञ्चलिक बोलीको सहारा लिएको पाइन्छ ।

यो कथासङ्ग्रह पाठकले अत्यधिक मन पराएका छन् । यो पढ्दा पाठक आन्दोलित र रोमाञ्चित हुने गरेको पाइएको छ । यसमा पाठकले आफू कतै त कतै पाउँछ । आफ्नै वरपर घटेको घटना झैँ लाग्छ । उनका कथाहरूको मूल आधार नै समाज हो । सामाजिक यथार्थवादकै पृष्ठभूमिबाट उनका छोटाकथाहरू जन्मेर हुर्केका छन् । उनका कथाप्रवृत्तिहरूमा साँस्कृतिकताले पनि अहम् भूमिका खेलेको छ । उनका छोटा कथाहरूमा दार्शनिक चेतहरूले जरा गाडेको पाइन्छ । उनका यथार्थवादी छोटा कथा काल परिवेशअनुसार नयाँ शिल्प, नयाँ विषयबोध, नयाँ दृष्टिकोणका साथ सामाजिक पृष्ठभूमिमा व्यक्तिको जीवनसङ्घर्ष, जीवनसत्य र साम्प्रदायिक सौहार्दको बोली बोल्दछ । भारतीय माल, जा रे पञ्जाव ! चलो पञ्जाव !, सावधान ! सूचना ! सूचना ! सूचना !!!, पेटभरि भात र खुला बाटोको ट्राफिक नियम कथाहरू आञ्चलिकताका दृष्टिले निकै उत्कृष्ट कथाहरू हुन् । भारत र तराईको परिवेश र त्यहाँका ग्रामीण समाजका विपन्न वर्गका मानिसको यथार्थ चित्रण पाइन्छ ।

यस कथासङ्ग्रहमा सङ्कलित कथाहरू हुन्– विवेक  बाधा, विवाह गरेपछि, खोइ, कहिले आउँछ कुन्नि !, मातृयोनीको पीडा, छाती र गोली, वातावरण शान्त छ, अँध्यारोमा शान्ति, राजा रन्तिदेव र म,

भारतीय माल, यै हो मेरो देश, हजुर, जा रे पन्जाब ! चलो पन्जाब !, सावधान ! सूचना, सूचना, सूचना !, खाल्डोदेखि खाल्डोसम्म, माछाको मीठो झोल, एउटा उज्यालो र चहकिलो दिन, पेटभरि भात, खुला बाटोको ट्राफिक नियम, नेपाली कथा, प्यान्ट-कोट र पेटीकोट ।

### २.८.७ अन्नपूर्णाको भोज (२०७०)

मनु ब्राजाकीको सातौँ कथासङ्ग्रह **अन्नपूर्णाको भोज** हो । यस कथासङ्ग्रहमा पैँतीसओटा कथाहरू सङ्कलित छन् । यस कथासङ्गहमा **भविष्ययात्रा** कथासङ्हका सबै कथाहरूलाई यसमा गाभिएका छन् भने नयाँ कथाको रूपमा सत्रओटा कथाहरू रहेका छन् । उनका यस चरणका कथाहरूमा उत्तरआधुनिक सहरिया परिवेश, विदेशी रहनसहनलाई आफ्नो लेखनको विषयवस्तु बनाएका छन् । सहरिया भनाउँदाहरूले पहिरिएका नक्कली आवरणलाई उतारेर उनीहरूको कुरूप जीवनशैली, जालझेल, कपटको उत्खनन गर्न गुग्छन् । सम्पन्न भनाउँदा महिलाहरूको मनोद्वन्द्व, यौन निर्लिप्तता र पुरुषमा रहेको स्त्रीलम्पट मनोविज्ञानको एकदम सटिकरूपमा चिरफार गरिएको छ ।

यस कथासङ्ग्रहका कथाहरूले समाजका विविध पक्षको उद्घाटन गर्न सफल भएका देखिन्छन् । एउटी अवलाको अभियान, कता जाने, क्रोधित र भयभीत पिता र पुत्र, छिँडीमा सूर्योदय, राग हजुरिया, भविष्ययात्रा, चारपाटे घरको सौन्दर्य, सुख-सन्धान, पेटभरि भात, बन्द ढोका सामू, भुन्टीको भविष्य र गुरु चेला र माकुराको जालो कथाहरूमा तराईको परिवेश, त्यहाँको तत्कालीन समाजमा देखिएको विकृति विसङ्गति, अन्याय अत्याचार, आर्थिक अभावले गर्दा वेश्यावृत्ति गरी पेट पाल्नुपर्ने समस्या र कतिपय बालबालिका गरिवीका कारण शिक्षाबाट बञ्चित भई सानै उमेरमा अर्काको काम गर्न बाध्य हुनुपर्ने त्यस्तै बालिका यौनशोषितसमेत हुनुपर्नेजस्ता तीतो यथार्थलाई छर्लङ्ग पारिएको छ । तराईको ग्रामीण परिवेश र त्यहीँको स्थानीय भाषा सम्वादले कथा आञ्चलिक बनेको छ ।

यसमा सङ्कलित कथाहरू हुन्– अघिअघि नारी पछिपछि पुरुष, अन्नपूर्णाको भोज, उपदेश, एउटी अबलाको अभियान, कता जाने, क्रोधित र भयभीत पिता र पुत्र, छिँडीमा सूर्योदय, भन्नु नभन्नु जम्म, मेरी आइमाई, मेरी आमा र म, हे भगवान् !, राग हजुरिया, चोरहरू र सार्वभौम सत्तासम्पन्न, मूल्य, मान्यता र एकमुठी हरियो घाँस, भविष्य यात्रा, चारपाटे सेतो घरको सौन्दर्य, उदास र मलिन अनुहार भएकी एउटी सुन्दरी, श्रीमान्, सुख-सन्धान, पेटभरि भात, हत्याको भूमिका, प्रेत र परिवार, बन्द ढोकासामु, भुन्टीको भविष्य, निष्करुण मध्याह्न्न मुक बहुमतको भयभीत खुसी, अर्थमुक्त, गुरु, चेला र माकुराको जालो, आज र भोलि मौसम सफा रहनेछ, के ऊ हुलाकी मात्र हो, नग्नता, घरेलु अर्थात्

व्यक्तिगत अर्थात् सार्वजनिक झ्यालबाट ढोकातिर, एउटा रात थियो, छिटै फर्कनेलाई के गर्ने, शारदा र साझा सदस्य ।

**२.८.८ जनजीवनको जीवनगाथा** (२०७२)

जनजीवनका जीवनगाथा ब्राजाकीका उत्कृष्ट कथाहरूको प्रतिनिधि सङ्कलन हो । यस कथा सङ्ग्रहमा २८ वटा दोहोरिएका कथाहरू छन् भने ८ वटा नयाँ कथा छन् । नयाँ कथाहरू पछौटे अग्रगमन, अब तिम्रो पालो हो, रक्तरञ्जित पूर्णिमा, घाँस खाने जन्तु, आमालाई बेच्नु हुँदैन लाटा !, सुवासिनी मैयाँ अखवार पढ्ने गर्नू !, हिन् पार्वती साहेवले बोलाउनु भा'छ ! र फुच्चे सार्क, हल्ले सम्राट र रोडम्यापहरू हुन् । जनजीवनका जीवनगाथासम्म आइपुग्दा ब्राजाकीको कथा लेखन समसामयिक विषयवस्तुमा र नारी शोषणका विषयमा नै केन्द्रित भएको पाइन्छ । पात्रअनुकुल परिवेश सत्य उद्घाटित गर्नका लागि यी कथाहरूमा आञ्चलिकताको सहारा लिइएको छ । आञ्चलिकताका दृष्टिले जनजीवनका जीवनगाथा उत्कृष्ट कथासङ्ह हो ।

यसमा लोडसेडिङ, प्रमद्वराको प्रणय र रुरुको आत्मीयता, मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो, पछौटे अग्रगमन, तिम्री स्वास्नी र म, अब तिम्रो पालो हो, अंश-वंशधारिणी, एकान्त, रक्तरञ्जित पूर्णिमा, अन्नपूर्णाको भोज, जोरपैँयु, हत्याको भूमिका, मेरी आइमाई, मेरी आमा र म, क्रोधित र भयभीत पिता र पुत्र, खुसीको पिरो आँसु, एउटा रात थियो, करुणामय, आखिर सजीवको कर्तव्य के हो त ?, घाँस खाने जन्तु, सङ्गीतको निलाम्बर र सत्ताको पुच्छ्रेतारा, थ्रि-पिस सुट, आमालाई बेच्नु हुँदैन, लाटा !, कान्छी तँ भित्र जा, उनी, जुनी र खाली हात, गुरु, चेला र माकुराको जालो, भुन्टीको भविष्य, भविष्य यात्रा, छिँडीमा सूर्योदय, भविष्यहीन भविष्यवक्ता, अक्षर-ज्ञान, पारदर्शी मान्छे, ईखको बिख, सुवासिनी मैया अखबार पढ्ने गर्नू !,  हिन् पार्वती, साहेबले बोलाउनु भा'छ !, फुच्चे सार्क, हल्ले सम्राट र रोडम्यापहरू, रेवतिया माने रफिकन कथाहरू सङ्गृहीत छन् ।

**२.९ निष्कर्ष**

समग्रमा ब्राजाकीका कथाहरूमा सामाजिक यथार्थवादी, मनोवैज्ञानिक तथा आलोचनात्मक यथार्थवादी प्रवृत्ति पाइन्छ । मनु ब्राजाकी स्थानीय रङको प्रयोग गर्ने कथाकार हुन् । उनले आफू जन्मे, हुर्केको र बढेको तराईको स्थानीय रङ आफ्ना कृतिमा भरेका छन् । उनका प्रायः कथा तराई स्थानविशेषको लोकजीवनको संस्कार र संस्कृति अनि सभ्यताको जीवनशैलीलाई यथार्थरूपमा प्रस्तुत गरेका छन् । तराईको खासगरी मिथिला क्षेत्रको परिवेशमा आधारित भएर त्यहाँ देखिएका विकृति,

विसङ्गति, चेलीबेटी बेचबिखनजस्ता विषयलाई व्यङ्ग्यात्म शैलीमा आफ्ना कथामा प्रस्तुत गरेका छन् । आञ्चलिकता उनको प्रमुख कथागत विशेषता हो ।

## तेस्रो परिच्छेद

# मनु ब्राजाकीका कथामा प्रयुक्त आञ्चलिकताको प्रयोग

### ३.१ विषयप्रवेश

आधुनिक नेपाली साहित्य जगत्मा मनु ब्राजाकी आञ्चलितक कथाका कथाकारका रूपमा सुप्रसिद्ध छन् । वि. सं. २०१९ सालबाट कथायात्रा प्रारम्भ गरेका ब्राजाकी मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । सामाजिक यथार्थको चित्रणको प्रबलताले उनका कथा आञ्चलिक बन्नपुगेका छन् । उनका कथा प्रायः नेपालको तराईमधेस त्यसमा पनि महोत्तरी जिल्ला ग्रामीण इलाका र छिमेकी जिल्लासम्म तराईली परिवेशका हृदय छुनेखालका कथाहरू लेखिएका छन् । उनका **अवमूल्यन**, **आकाशको फल** र **तिम्री स्वास्नी र म** कथासङ्ग्रहका सबैजसो कथाहरू यसै परिवेशमा सिर्जित कथाहरू छन् । उनका अन्य सङ्ग्रहका कथा पनि धेरैजसो तराईको समाजको चित्रणमा केन्द्रित छन् । आञ्चलिकताको अध्ययनको सन्दर्भमा यस परिच्छेदमा उनका एउटा कथासङ्गहबाट एउटा प्रतिनिधि कथाको आञ्चलिकताको अध्ययन गरिएको छ ।

### ३.२ राता आँखा पहेँला आँखा

"राता आँखा पहेँला आँखा" कथा **अवमूल्यन** (२०३८) कथासङ्ग्रहमा सङगृहीत कथा हो । यो कथासङ्ग्रह मनु ब्राजाकीको पहिलो कथासङ्ग्रह हो । यो कथासङ्गहमा तत्कालीन समाज र जीवनका विविध समस्याहरूलाई कथामा समेटिएको छ । राता आँखा पहेँला आँखा कथामा ग्रामीण

परिवेशको चित्रण, आञ्चलिकताको छनक र समाजमा विद्यमान विकृति विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ ।

**३.२.१ कथ्य विषय, कथासार र उद्देश्य**

कथाको कथानक कथ्य अञ्चलको विशिष्टता देखाउने उद्देश्यबाट निर्मित छ । प्रस्तुत कथा जनकपुर अञ्चलको मिथिला क्षेत्रको पिपरा, जयनगर, र मुसहरी टोलको कथा हो । त्यस समाजका हुनेखाने, टाठाबाठा, सामन्त र जमीनदारहरूले गाउँले निमुखा विपन्न मानिसका घरखेत, जहान परिवार, छोरीचेलीहरूप्रति गर्ने गरेको आर्थिक नैतिक र शारीरिक शोषण, समाजका शोषक सामन्त, जाली फटाहाहरूसँगको साँठगाँठ र अनेकन सामाजिक हीनत्तर प्रवित्तिलाई व्यङ्गात्मक ढङ्गमा प्रस्तुत गरिएको छ ।

रमेशबाबु भन्ने पात्रको क्रियाकलापमा कथानक अगाडि बढेको छ । रमेशबाबुको शोषक, घुस्याहा र व्यभिचारी चरित्रलाई देखाइएको छ । यसका अतिरिक्त यसमा चोरी प्रमाणपत्रको प्रयोग, प्रगतिशीलताको ढोङ, भूमिसुधारको पाखण्ड, समुदायमा विस्फोटित हुन थालेको आक्रोशलाई आकर्षक ढङ्गमा देखाइएको छ । यो कथा मिथिला क्षेत्रको ग्रामीण परिवेशको आञ्चलिकताको चित्रण गरिएको कथा हो ।

रमेशबाबु रक्सीले लट्ठ परेर बाटोमा हिँड्छ । रातो साडी लगाएर हिड्दै गरेको आइमाईलाई आँखा तर्दैछ, ती आइमाई आफ्नै श्रीमती हुन्छिन् तर उसले पछिमात्रै थाहा पाउँछ । गाउँमा भूमिसुधार आउँछ रमेशका काकाको जग्गामा भूमिसुधार लाग्ने भयो । काकाले अट्ठाइस विघा जग्गा आफ्नो नाउँमा राखेर बार बिघा भतिजा रमेशबाबुलाई दिन्छन् । काकाभतिज प्रधान उपप्रधान हुन्छन् ।, गाउँमा उनीहरूको हैकम चल्छ । समाजमा विकृति विसङ्गति र अन्याय अत्याचार मौलाउँदै गएको छ । खासगरी त्यहाँको मुसहर वस्तीका विपन्न वर्गका व्यक्तिमाथि भएको अन्याय, अत्याचारलाई प्रस्तुत गरिएको छ । रमेशबाबुको शोषक, घुस्याहा र व्यभिचारी प्रवृत्तिलाई देखाइएको छ । रमेशबाबुको यस्तो प्रवृत्तिबाट वाक्क भएका पीडित गाउँलेहरू खासगरी मुसहरहरू उनको विरोधमा उत्रिएका छन् ।

यसरी हेर्दा यो कथा रमेशबाबुकै सेरोफेरोमा अगाडि बढेको छ । “राता आँखा पहेँला आँखा” कथा मिथिलाञ्चल क्षेत्रको आसपासका पिपरा, जयनगर, मुसहरी टोल र भारतको दरभङ्गाको समेत चित्रण गरिएको छ । मिथिला क्षेत्र र त्यस आसपासका वासिन्दाहरूको सामाजिक, आर्थिक स्थिति र

बानीव्यहोराको चित्रण गरिएको छ । तत्कालीन राजनीतिक स्थिति र त्यसले अञ्चलमा पारेको प्रभावको झल्को पाइन्छ । त्यहाँका प्रधान उपप्रधानले सोझासाझा, विपन्न र निमुखा जनतालाई दिएको सास्तीलाई यहाँ प्रस्तुत गरिएको छ । ठूलाबडाको हैकम, विपन्न वर्गका मुसहर वस्तीमाथिको अन्याय र अत्याचारलाई व्यङ्ग्यात्मकशैलीमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त यसमा चोरीको प्रमाणपत्रको प्रयोग, भूमिसुधारको पाखण्ड र समुदायमा विस्फुटित हुन थालेको आक्रोशलाई पनि प्रसङ्गवस आकर्षक ढङ्गमा देखाइएको छ । राता आँखा पहेँला आँखा कथा मिथिला क्षेत्रको आञ्चलिकताको चित्रण गरिएको कथा हो ।

### ३.२.२ स्थानीय रङको विशिष्ट चित्रण

यस कथामा जनकपुरको पिपरा, जयनगर र मुसरहरी वस्तीको स्थानीय चित्रण गरिएको पाइन्छ । कथाका पात्रहरूको रहनसहन, बोलीचाली, संस्कारबाट त्यहाँको स्थानीयता झल्किन्छ । त्यहाँका प्रधान र उपप्रधानले स्थानीय सोझा जनतामाथि गर्ने गरेको शोषण, दमन, घुस्याहा र सामन्ती प्रवृत्तिको चरित्र देखाइएको छ । ग्रामीण समाजका हुनेखाने, टाठाबाठा सामान्त र जमीनदारहरूले गाउँले निमुखा मानिसका घरखेत, जहान परिवार, छोरीचेलीप्रति गर्ने गरेको आर्थिक नैतिक र शारीरिक शोषण, समाजका शोषक सामन्त, जाली फटाहाहरूसँगको साँठगाँठजस्ता अनेकन सामाजिक हीनत्तर प्रवृत्तिलाई व्यङ्ग्यात्मक ढङ्गमा प्रस्तुत गरिएको छ । कथाका पात्रहरूले बोल्ने भाषा स्थानीय भाषा हो । कथामा घटेका घटनाहरू सबै स्थानीय विशिष्टतामा घटित छन् । यसरी हेर्दा प्रस्तुत कथा पूर्णतः स्थानीय रङको विशिष्ट चित्रण भएको छ । आञ्चलिक कथाका लागि यो महŒवपूर्ण आधार हो ।

### ३.२.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

यस कथामा कथ्य अञ्चलको दैनिक जीवनचर्याको विशिष्ट चित्रण छ । कथामा रमेशबाबु र बिलटसादा, गोनर चौधरी, जैलाल यादव, अगनु, टैटा, रमदैया, खेलावन, गोपी सरजुग, दुखिया र गोपी माझी आदिको जीवनचर्या चित्रित छ । तराई-मधेसमा तत्कालीन समयमा समाजमा देखिएका समस्यालाई विभिन्न पात्रका माध्यमद्वारा ब्यङ्ग्यात्मक शैलीमा उल्लेख गरिएका छन् ।

कथाले अशिक्षा, अज्ञानता, रुढीवादी, आर्थिक र सामाजिक शोषण, सामन्ती प्रवृत्ति र सोझासाझा जनतामाथि भएको अन्याय अत्याचारलाई प्रष्टरूपमा देखाइएको छ । साहूमहाजनकोमा काम गरेवापत ज्याला मजदुरी गर्ने श्रमजीवी किसानलाई उनीहरूको दैनिक जीवनयापनका लागि प्रयाप्त अन्न दिँदैन । “महङ्गी बढ्यो, सबै चिजको भाउ बढ्यो हामीलाई खान पुगेन पक्की अढैयाले

बनी दिनुस् मालिक" (पृ. ८४) भन्दा पनि सामन्ती रमेशबाबु उनीहरूको कुरा सुन्दैन । शोषक सामन्ती प्रवृत्तिको रमेशबाबुको कारणले गर्दा ज्याला मजदुर गरेर आफ्नो पेट पाल्ने सोझा, निमुखा गरिव जनताले पेटभरि खान पाएका छैनन् । आफ्ना बालबच्चालाई पेटभरि खुवाउन सकेका छैनन् । समग्रमा प्रस्तुत कथामा आञ्चलिक जीवनचर्याको चित्रण र कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण छ ।

### ३.२.४ चरित्रचित्रण

यस कथाको केन्द्रीय पात्र रमेशबाबु हो । कथाको सुरुदेखि अन्त्यसम्मनै उसैको सेरोफेरोमा कथानक अगाडि बढेको छ । घुस्याहा, शोषक, सामन्ती मनोवृत्तिको रमेशबाबुका साथै अन्य पात्रहरूमा रमेशबाबुको काका, रमेशबाबुकी श्रीमती, बिलटसादा, गोनर चौधरी, अगनु, टैटा, रमदैया, खेलावन, गोपी र दुखिया आदि रहेका छन् ।

रमेशबाबु शोषक र सामन्ती प्रवृत्तिको पात्र हो । गाउँका गरीव किसानहरूले उसको जमिन कमाएवापत पाउँने अन्नसमेत दिँदैन । मसहरी टोलमा भोकमरी छ तर अव भने सधैँभरि यसरी हुँदैन, चुप लागेर बस्नु हुँदैन भन्नेजस्ता भावले रमेशबाबुको विरोधमा उत्रिएका छन् । कथामा आएका सबै पात्रले कथ्य अञ्चलको आञ्चलिक विशिष्टता प्रस्ट्याउने काम गरेका छन् । त्यसैले कथालाई आञ्चलिक बनाएको देखिन्छ ।

### ३.२.५ संस्कृति र लोकजीवन

यस कथामा कथ्य अञ्चलको सांस्कृतिक विशिष्टता झल्किएको छ । त्यहाँका मानिसको रहनसहन, संस्कार र संस्कृतिको चित्रण यस कथामा पाइन्छ । लोकजीवनसँग सम्बन्धित लोकगीत र उखानटुक्काको प्रयोग गरिएको छ । लोकगीत-

"मडुवा के रोटी टेङ्गाके झोल

चल चल बौआअ पने टोल" र "तँ कुट् म हाइ गर्छु" भन्ने जस्ता टुक्काको प्रयोग गरिएको छ (पृ. ८५) ।

### ३.२.६ स्थानीय भाषा र प्रकृतिको चित्रण

यस कथामा आञ्चलिक कथाअनुरूप भाषाको प्रयोग भएको छ । कथामा हिन्दी, मैथिली र नेपाली भाषाको प्रयोग भएको पाइन्छ । "भागते भूतका लँगोटी अच्छा क्यारे पिपरावाला !" (पृ. ७९), "सालेका दिमाग दुरुस्त गरेगा आज । अपने नही आया सबको भड्काता हैं" (पृ. ८१) जस्ता वाक्यको

प्रयोग गरिएको छ । नही होगा (हुँदैन), बहुत (धेरै), बेटी (छोरी), बौआ (भाइ), मडुवा (कोदो) र अपने (आफ्नो) जस्ता स्थानीय बोलीको भाषा प्रयुक्त छ । "मडुवाके रोटी रेङ्गाके झोल, चल-चल बौआअ पने टोल" (पृ. ८५) जस्ता स्थानीय मैथिली भाषाको लोकगीतको प्रयोग भएको पाइन्छ ।

कथाको सेरोफेरोमा आएका परिवेशले पनि स्थानीय प्रवृत्तिको चित्रण गरेको पाइन्छ । जैलाल यादवको बगैँचा वरिपरि सिसौका रूखहरू पर्खालझैँ ठडिएका छन् । साँझको पहेँलो घाम मुसहरी टोलका सानासाना झुप्राहरूमाथि फिँजिएको छ । चालीसविघा जग्गामा भूमिसुधार लाग्ने भयो । कटैयाको भऱ्याङजस्ता वाक्यांशले स्थानीय प्रकृतिको चित्रण गरेको छ । कथा पढ्दा पाठकलाई आफू नै त्यहीँ ठाउँमा भएको भान हुन्छ । त्यहीँका मानिससँगै बसेको र त्यहीँको प्रकृतिसँग घुलमिल भएको महसुस हुन्छ । त्यसैले यस कथामा स्थानीय प्रकृतिको चित्रण पाइन्छ ।

"राता आँखा पहेँला आँखा" कथामा तराईको ग्रामीण समाजको सुक्ष्म अध्ययन गरिएको छ । समाजको यथार्थ चित्रण, समाजको दर्पण यसथामा पाइन्छ । रमेशबाबुको घुस्याहा, शोषक र सामन्ती मनोवृत्ति अनि पत्नीको स्वच्छन्द यौनाचार पनि देखाइएको छ । चोरी सर्टिफिकेटको प्रयोग, भूमिसुधारको पाखण्ड र समुदायमा विस्फोटित हुन लागेको आक्रोशलाई पनि आकर्षक ढङ्गमा देखाइएको छ ।

## ३.३ रेवतिया माने रफिकन

"रेवतिया माने रफिकन" कथा **आकाशको फल** (२०४२) कथासङ्ग्रहमा सङ्गृहीत कथा छ । यो मनु ब्राजाकीको दोस्रो कथासङ्ग्रह हो । यस कथासङ्ग्रहका कथाहरूले समाजका हुनेखाने वर्गद्वारा विपन्न परिवारका नारीहरूको विभिन्न बहानामा गरिने गरेको अस्मिताको अपहरणको समस्यालाई महŒव दिएका छन् ।

### ३.३.१ कथ्य विषय, कथासार र उद्देश्य

यो कथाले तराईको मिथिला क्षेत्र आसपास र गढपुराको आञ्चलिकतालाई कथ्य विषय बनाएको छ । त्यस क्षेत्रको प्रकृति, जनजीवन, समाज र चेतनास्तर समेतको चित्रणमा नै कथा केन्द्रित छ । रेवतिया नामक एक मुस्लिम परिवारकी विपन्न वर्गकी नारी ठूलाबडा भनाउँदाहरूको रखौटी भएर बस्नुपरेको नारी विवशतालाई चित्रण गरिएको पाइन्छ ।

रफिकनको चोलो हातमा छ र जुम्रा चोलोमा छ । ऊ जुम्रा खोज्दै मार्दै छे । आगनमा चल्ला

चर्दैछन् । आज उसलाई टाउको दुखेको छ । अस्ति पनि गएकी थिई हिँजो पनि गएर आई । आज उदास भएर बसेकी छ । चल्लालाई कागले नियाल्दै छ । रामलरायन बाबु र जीतु बाबु जस्तै अटेरी छ यो पनि । यो चल्ला ढुकेर बसेको छ उनीहरू माउ ढुकेर बस्छन् । भित्रबाट बुढी कराउँछे– "चोलो लगा रण्डी! के तमासा देखाउँछेस्" (पृ.३२३) ऊ वास्ता गर्दिन आफ्नो छातीमा झुण्डिएको मांसपिण्डलाई हेर्दे यो जावो त हो नि बुढा-जवान, काला-गोरा, भलाद्मी-वदमास सबै बराबर छन् । दुई वर्ष अघि कासिमले उनलाई यो घरमा ल्याएको थियो । पहिला ऊ कसैकी श्रीमती रेवतिया थिई कासिमले ल्याएपछि ऊ रफिकन भई । उसको खसम कहिल्यै भएन, "बिहे त लोग्ने मान्छेको हुन्छ जात लोग्ने मान्छेको हुन्छ, धर्म लोग्ने मान्छेको हुन्छ" (पृ. ३२४) भन्नेजस्ता वाक्यांशहरूले रेवतियाको जीवनको चित्रण गरेको छ । रेवतिया एक विपन्न वर्गीय मुस्लिम परिवारकी नारी हुन् समाजका ठूलाबडाको रखौटी हुनुपरेको नारी विवशता र घर न थर भएर हिड्नु परेको बाध्यतालाई यहाँ देखाइएको छ । आफूले आफ्नो शरीर बेचेर कमाएको पैसासमेत आफूले उपभोग गर्न पाउँदिनन्, अर्काको अधीनमा बस्नुपरेको छ । जीतुसेठ, पण्डित, सत्यदेवलाल र रामलरायनजस्ता व्यक्तिहरूबाट थिलथिलिएको निरीह जीवनमार्फत् आडम्वरी सभ्यताको धज्जी उडाइएको छ । यसमा ह्रासोन्मुख सामाजिक परिस्थितिले दुर्व्यसनी बन्न बाध्य नारीको विकृतरूप पनि देखाइएको छ ।

गढपूराका जीतुसेठले सत्यनारायण भगवानको पूजा लगाउँछन् । गाउँको मनोरञ्जनका लागि नौटङ्की पनि बोलाइन्छ । मनोरन्जका लागि उनीहरू (रफिकन र कासिम) लाई पनि बोलाइन्छ । जीतुसेठ कासिमलाई रक्सी लिएर आउन भन्छन् । नौटङ्की (नाचगान) हेर्न स्टेज अगाडि असङ्ख्य घुइँचो लाग्छ । सुरा र सुन्दरी जजमान, यो अपूर्व सम्मेलन देवोपम हुन्छ, सत्यनारायण भगवानको पूजाको नाममा यौन व्यापार गरिरहेका हुन्छन् । त्यहाँ पनि रफिकनले आफ्नो शरीर पण्डित सत्यदेवलाललाई सुम्पिन बाध्य हुनुपरेको छ ।

बाहिर ठूलाठालु पल्टिने पण्डितले महिलाको अस्मिता माथि खेलबाड गरी चरित्रहत्या गरेको देखाइएको छ । रफिकन कासिमसँगै बसेपनि उसकी श्रीमती होइनन् । ऊ रफिकनलाई श्रीमती मान्न तयार पनि छैन । स्वार्थका लागि मात्रै आफ्नो घरमा राखेको हुन्छ । रफिकनले शरीर बेचेर पाएको पैसा कासिमले लिने गरेको छ ।

समाजका हुनेखाने वर्गद्वारा विपन्न परिवारका नारीहरूको विभिन्न वहानामा गरिने गरेको अस्मिताको अपहरणको समस्यालाई नै विशेष महŒवका साथ प्रस्तुत गरिएको छ । मुस्लिम परिवारकी विपन्न वर्गीय नारी रेवतिया माथि गर्ने गरेको चरम यौन शोषणको दूरावस्था देखाइएको छ ।

### ३.३.२ स्थानीय रङगको विशिष्ट चित्रण

प्रस्तुत कथामा गढपूराको मात्रै नाम उल्लेख भए पनि कथामा प्रयुक्त पात्रहरूको संवाद र ठाउँविशेषहरू जस्तैः बढघराको भुसगोदाम, डगर छेऊको ठूलो पीपलको बोट, बगडीको रातो भात, कुर्थीको झोल आदिजस्ता वाक्यांशहरूले स्थानीयताको चित्रण गरेको छ । अझै कथाकी मुख्य पात्र नै मुस्लिम परिवारकी नारी हुन् ।

प्रस्तुत कथामा "यो बोक्सीले आफ्नो खसम पनि खाई या अल्ला ! अव मेरो छोरो के हुने हो ?" (पृ. २३९) जस्ता वाक्यांशहरू प्रयुक्त भएको हुनाले यस कथाले तराईको पनि मुस्लिम समुदायको स्थानीयताको चित्रण गरेको छ । उनीहरूले बोल्ने भाषा स्थानीय हो । त्यसैले आञ्चलिकताका दृष्टिले यो कथा उत्कृष्ट कथा हो ।

### ३.३.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

प्रस्तुत कथामा कथ्य अञ्चलको दैनिक जीवनचर्याको विशिष्ट चित्रण छ । "चोलो लगा रण्डी ! के तमासा देखाउँछेस् ?" (पृ. ३२३) भनेर बुढी भित्रबाट कराउँछे । ऊ वास्ता गर्दिन, गरेर साध्य पनि छैन । ऊ आफ्नो छातीमा झुण्डिएका मांसपिण्डलाई हेर्छे र उपेक्षापूर्वक सोच्छे, यै जावो त हो नी जसको लागि बुढा-जवान, काला-गोरा, भलाद्मी-बदमास सबै बराबर छन् (पृ. ३२३) ।

प्रस्तुत कथामा गरिवी, अशिक्षा र अज्ञानताका कारणले यौन धन्दामा लाग्न बाध्य नारीको जीवनचर्याको चित्रण छ । रफिकन अस्ति पनि गएकी थिई, हिजो पनि पुगेर आई । आज उदास भएर बसेकी छ, टाउको दुखेको छ । दिनहुँ उसले आफ्नो शरीर कसैलाई न कसैलाई सुम्पिनु परेको छ । रामलरायन बाबु, जीतुबाबु र पण्डितजस्ता व्यक्तिहरूबाट थिलथिलिएको निरीह जीवनमार्फत आडम्वरी सभ्यताको धज्जी उडाइएको छ । सामाजिक परिस्थितिले दुर्व्यसनी बन्न बाध्य नारीको विकृत रूप पनि देखाइएको छ । स्थानीय मानिसहरूको जीवनयापन प्रक्रिया चित्रित छ । यसरी हेर्दा कथाले कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण गरेको छ ।

### ३.३.४ चरित्र चित्रण

कथाकी मुख्य पात्र रेवतिया माने रफिकनको नामबाट नै कथाको शीर्षक राखिएको र उनकै जीवनचर्याको चित्रण गरिएको हुनाले यस कथाकी मुख्य पात्र रेवतिया हुन् । उनको जीवनमा आएका उतारचढाव र जीवनयापनका लागि सँधै अर्काको भोग्या या रखौटी भएर बाँच्नु पर्नेजस्ता नारी

विवशतालाई यस कथामा प्रष्ट्याइएको छ । तराईको ग्रामीण या मुस्लिम समुदायकी यौनकर्मी हुन बाध्य बनाइएकी रेवतियाको जीवनचर्याको चित्रण गरिएको छ ।

कथामा आएका पात्रहरू जस्तैः कासिम, रामलरायन, जीतुबाबु, सितलदास, पण्डित, सत्यदेवलाल, जीतुसेठ, हरमुनिया मास्टर, हुसैनी र रफिकन सबै पात्रहरूले त्यस अञ्चलको सम्पूर्णता झल्काउन आ-आफ्नो तर्फबाट विशिष्टतालाई निर्वाह गरेका छन् । कथामा प्रयुक्त पात्रहरूका नाम र उनीहरूको जीवनचर्याको चित्रण विधानले आञ्चलिक तत्वको भूमिका निर्वाह गरेको छ र कथा आञ्चलिक बनेको छ ।

### ३.३.५ संस्कृति र लोकजीवन

सत्यनारण भगवानको पूजा र गाउँको मनोरञ्जनका लागि नौटङ्की बोलाएर नाचगान गर्ने चलनले त्यस अञ्चलको परम्परागत रुढीवादी संस्कार र जानीय संस्कृतिको चित्रण भएको छ । नाचगानमा बज्ने स्थानीय भाषाको लोकगीतले पनि त्यस अञ्चलको चित्रण गरेको छ ।

" सैयाके मन मैं चेहरा हमार बा,
तोहरा के भूली, तो जैहो कहाँ ?
अपना के बेचीं तो तोहरे करनंवाँ,
तोहरा के बेचीं तो जै हो कहाँ ..." (पृ. ३२९)

स्थानीय भाषाको एउटा लोक गीतको प्रयोगले तराईको लोकजीवनको चित्रण यस कथामा पाइन्छ ।

### ३.३.६ भाषाशैली

प्रस्तुत कथामा आञ्चलिक कथाअनुरूप भाषाको प्रयोग भएको छ । कथाका पात्रहरूको नाम रामलरायन, रफिकन, हुसैनी, सत्यदेवलाल, सीतलदास आदि र पात्रको स्तर एवं हैसियत अनुसारको संवादयोजना र स्थानीय कथ्य भाषाको प्रयोगले कथा आञ्चलिक बन्न पुगेको छ । कथामा अशिक्षित पात्रले प्रयोग गर्ने निम्नस्तरको भाषाको पनि प्रयोग गरिएको पाइन्छ । जस्तैः "चोलो लगा रण्डी! के तमासा देखाउँछेस ?" (पृ. ३२३), "तँ साली कुन मेरी विवी होस् र हँ ?" (पृ. ३२६)

आञ्चलिकता जनाउने केही संवाद र शब्दहरूः "या अल्ला! अव मेरो छो के हुने हो ?" (पृ. ३२३), "खुदा कसम, ऐले तँलाई देख्दा त लाग्छ साला कुनै हरामीलाई पनि तेरो छायाँसम्म छुन नदिऊँ"

(पृ ३२६), कुर्थी (गहत), दारु (रक्सी), सतनारान (सत्यनारायण), पान, कडुवाको तेल आदि ।

"रेवतिया माने रफिकन" कथाको कथावस्तु प्रयुक्त पात्र र तिनीहरूले प्रयोग गर्ने संवाद योजना त्यहाँको लोकजीवन संस्कार, संस्कृति र परिवेशले अञ्चलको सम्पूर्णतालाई समेटेको छ । कथाको सुरुदेखि अन्त्यसम्म आञ्चलिकताकै सेरोफेरो रहनु त्यहीँको समाजमा देखिएको वास्तविकतालाई टपक्क टिपेर पाठकसामू पुऱ्याइएको हुनाले उत्कृष्ट कथा हो भन्न सकिन्छ । तराईकी विपन्न वर्गीय मुस्लिम परिवारकी महिला जो समाजका ठूलाबडाको रखौटी भएर बस्नु परेको मार्मिक चित्रण गरिएको छ ।

## ३.४ अक्षरज्ञान

"अक्षरज्ञान" कथा **तिम्री स्वास्नी र म** (२०४६) कथासङ्गहमा सङ्कलित कथा हो । यस कथासङ्ग्रहमा पैँतीसओटा कथाहरू सङ्कलित छन् ।

### ३.४.१ कथ्य विषय, कथासार र उद्देश्य

यस कथाले जनकपुर अञ्चलको एउटा ग्रामीण परिवेशको आञ्चलिकतालाई कथ्य विषय बनाएको छ । निम्नस्तरका मानिसले जीवनमा भोग्नुपरेको यथार्थलाई कथाले आफ्नो कथावस्तु बनाएको छ । त्यस अञ्चलको प्रकृति, जनजीवन, समाज, चेतनास्तरसमेतको चित्रणमा नै कथा केन्द्रित छ । कुटीमा बस्ने जग्गाजमिनविहीन गुरुजीले गाउँले केटाहरूलाई भेला पारी शिक्षादीक्षा दिई अक्षरज्ञान गराउने गरेको प्रङ्गबाट कथा सुरु हुन्छ ।

एउटा पोखरीको डिल, डिलमाथि स्कूल, स्कूलमाथि एकजोडी परेवा । स्कूल सानो कुटीजस्तो छ (पृ. ९०) । त्यही कुटीमा बस्ने एकजना गुरु गाउँका केटाकेटीहरूलाई अक्षरज्ञान गराउँछन् । गुरुकी पवित्रा नाम गरेकी एउटी मायालु छोरी छिन् । उनी पढ्न आउने केटाकेटीलाई असाध्यै माया गर्छिन् । पढाउँदा बुबाले गाली गर्नुभयो भने गुड (सखर) को डल्लो दिएर फकाउँछिन् । गुरुजीको आर्थिक अवस्था निकै कमजोर हुन्छ । शनिबार शनिचरी पूजाका लागि सबै केटाकेटीले फिसस्वरूप सिधाचामल र गुडको डल्लो लिएर आउँथे । प्रसादीस्वरुप अलिअलि बाँडिन्थ्यो र बाँकी  बचेकोले पितापुत्रीको गुजारा चल्दथ्यो । कुटी नजिकै रहेको पोखरीमा गाउँका एकजना भलाद्मीले माछा पालेका थिए । त्यो रेखदेख गरेवापत अगहन (मङ्सिर) मा एकदुई मन धान पाउँछन् । जेनतेन बाउछोरी बाँचिराखेका छन् । छोरी दिनदिन ठूली हुन्छिन् । विवाह भनेजस्तो केटा पाइँदैन, पाइएता पनि दाइजो दिन सक्ने स्थिति छैन । त्यही कुराले गुरु चिन्तित हुन्छन् । एकदिन सफा धोतीकुर्ता लगाएका मानिसहरू गुरुको सामु आउँछन् ।

उडहरपुर घर बताउने तिनीहरू पवित्राको विहेको कुरा लिएर आएका हुन्छन् । दाइजोको लागि केही चाहिँदैन भन्छन् " अजी, हमारे यहाँ सवकुछ है । चार बिघा जमीन, लडका मेट्रिक पास उमेर वीस वरिस, नोकरीवाला, अकेला, एउटी बुढियामाई है बस् । आपकी लडकीले कौनो दुक्ख नही होएगा । रानी बनके रहेगी जी !" (पृ ९५) भन्ने जस्ता प्रलोभन देखाएर गुरुलाई फसाउँछन् । दाइजोको रूपमा केही चाहिँदैन भनेता पनि उनको मनमा चिसो पस्छ । मन ढक्क फुल्छ । भाव अवरुद्ध कण्ठले "पछि फेरि केही ...." (पृ. ९५) भन्न खोज्दा केही बोल्न दिदैनन्, विवाह पनि छिटो गर्ने विचार व्यक्त गर्छन् । गुरुले केटा राम्रो लागेकाले र दाइजो नलिने भएकाले छोरी दिन तयार हुन्छन् । विधिपूर्वक छोरी विदाई गर्दै "चिट्ठी लेख्नू अव तेरो चिट्ठीको नै त सहारा छ बेटी !" (पृ. ९८) भन्दै गुरुजी छोरीलाई बिदा गर्छन् । आठ महिना बितिसक्दा पनि केही खबर आउँदैन मन अमिलो हुन्छ । एकदिन कच्याककुचुक्क परेको चिट्ठी आउँछ । खोलेर हेर्दा आफ्नी छोरी बिहे गरी लगेका मान्छेद्वारा नै कलकताको बेश्यालयमा बेचिएको भन्ने खबरको चिट्ठी पढेपछि छाँगाबाट खसेजस्तै हुन्छन् ।

यसरी हेर्दा गुरु र उनकी छोरी पवित्राको सेरोफेरोमा कथानक अगाडि बढेको छ । तराईको ग्रामीण समाज र त्यहाँ बसोबास गर्ने निम्नस्तरका मानिसको सामाजिक आर्थिक विशिष्टताको चित्रण छ । गुरुजीले गरिवीका कारण दाइजोका अभावमा आफ्नी छोरी पवित्राको विवाह गरिदिन नसकेको र बिनादाइजो विवाह गरिदिँदा छोरी वेश्यालय पुऱ्याइएको प्रसङ्ग जोडेर कथाले मार्मिक स्थिति प्रस्तुत गरिएको छ । यसरी तराईको मुख्य समस्याका रूपमा रहेको दाइजो प्रथा र त्यसले निम्त्याएको परिणामलाई कथामा प्रस्तुत गर्नु नै कथाको उद्देश्य हो । अञ्चलविशेषको गरिवी र दाइजो प्रथा अनि सामाजिक आर्थिक स्थितिको चित्रण गरिएको यो कथा पूर्णतः आञ्चलिक कथा हो ।

### ३.४.२ स्थानीय रङको विशिष्ट चित्रण

यस कथामा तराईको ग्रामीण क्षेत्रको स्थानीय चित्रण छ । त्यहाँ बसोबास गर्ने मधेसी समुदायको स्थानीयता चित्रित छ । गरिव विपन्न वर्गका मानिसले दुईछाक खान गर्नुपरेको सङ्घर्ष प्रस्तुत गरिएको छ । तराईमा जरा गाडेर बसेको दाइजो प्रथा, सो पूरा गर्न नसक्दा केटीका अभिभावकले बेहोर्नुपर्ने मानसिक पीडा र देहव्यापारको धन्दा चलाउने गिरोहका पञ्जामा परेर नारकीय जीवन बिताउन बाध्य हुनु परेको कारुणिकता प्रस्तुत छ ।

कथ्य अञ्चलभित्रका स्कूलको आडमा रहेको सिकट झाडी, दरिको टुक्रा, अगहन, आँपको

बगैँचा, आदिको चित्रण गरिएको । पात्रहरू स्थानीय छन् । स्थानीय भाषा, संस्कतिको प्रयोग र चित्रण, स्थानीय भेषभूषा र स्वभावलाई सरल भाषामा दर्शाइएको छ । कथाको सुरुदेखि अन्त्यसम्म स्थानीय रङको चित्रण गरिएको हुनाले यो आञ्चलिक कथा हो ।

### ३.४.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

अक्षरज्ञान कथा कथ्यअञ्चलको दैनिक जीवनचर्याको विशिष्टरूपमा चित्रण गरिएको कथा हो । प्रस्तुत कथामा अक्षरज्ञान गराउने गुरु र उनकी छोरी पवित्राको जीवनचर्याको चित्रण गरिएको छ । गुरुले गाउँका केटाकेटीलाई आफ्नै कुटीमा पढाउँदै जीवनयापन गरिरहेका छन् । "कुटीजस्तो स्कूल बाहिर गोवरले लिपेको ठाउँमा केटाकेटीहरू आ-आफ्नो घरबाट ल्याएको बोरा, पुरानो दरीको टुक्रा, परालको बिँडा अथवा जे भेट्टाइन्छ त्यसैमा बसेका छन् । जोडजोडले हल्लिदैँ पाठ घोक्दैछन्" (पृ. ९०) ।

कथामा केटाकेटी पढाउने, माछा पाल्ने, रेखदेख गरेवापत मङ्सिरमा धान पाइने, पोखरीमा हाम फालेर मर्ने, मागेर खाने, केटी माग्न आउने, विहेमा दाइजो दिने कुरा बगैँचामा आँपका टिकोला बटुल्ने, केटी हेर्न आउने मानिसलाई दतिवनपानी दिएर स्वागत सत्कार गर्ने, लगन जुराएर विवाह गराएको र परम्पराअनुसार छोरी घर पठाएको आदि जस्ता दैनिक व्यवहार, सामाजिक रहनसहन र जीवनचर्याको विशिष्ट चित्रण छ ।

प्रस्तुत कथामा अक्षरज्ञान गराउने गुरुको जीवनचर्या चित्रित छ । पवित्राको दैनिक कार्यको चित्रण र उनको विवाह प्रसङ्गदेखि विवाह भइसकेपछिसम्मको जीवनचर्याको चित्रण छ । तराईको समाजमा बढ्दो दाइजो प्रथा मुख्य समस्याका रूपमा आएको छ । बिना दाइजो बिवाह गर्छौं भन्दै फकाएर विहेको नाटक गरी वेश्यालयमा बेच्ने गिरोहको चित्रण छ । कथ्य अञ्चलको समाजमा देखिएका विभिन्न समसामयिक सन्दर्भहरू उल्लेख गरिएको छ । कथाले कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण गरेको पाइन्छ ।

### ३.४.४ चरित्रचित्रण

यस कथामा मुख्य पात्रका रूपमा अक्षरज्ञान गराउने गुरु र उनकी छोरी पवित्रा रहेका छन् । हरेक पात्रको आ-आफ्नो ठाउँमा विशिष्ट भूमिका छ । गुरु र पवित्रा कथाको सुरुदेखि अन्त्यसम्म नै मुख्य भूमिकामा आएका छन् भने जियालाल यादव, जोगीदास सहायक पात्रका रूपमा देखिएका छन् । जियालाल यादव दसगाउँ भरिका प्रख्यात धनी र बड्का महाजनको नामले चिनिन्छन् । धनको घमण्ड गर्दैनन्, धर्मात्मा छन् । गुरुसँग पढ्न आउने विद्यार्थीहरू खुनखुन, देवशरण, पुन्टे र भुन्टेसहित जम्मा

आठजना
छन् । नेपालको तराईका मुसहर जातिको उल्लेख गरिएको छ । कथाको चरित्रविधानले आञ्चलिक तत्वको भूमिका निर्वाह गरेको छ र कथा आञ्चलिक बनेको छ ।

### ३.४.५ संस्कृति र लोकजीवन

प्रस्तुत कथामा कथ्य अञ्चलको संस्कृतिलाई राम्ररी प्रष्ट्याइएको छ र रुढीवादी परम्परा, जातीय संस्कृतिको चित्रण, पाहुनालाई स्वागत सत्कार गर्ने तरिका, विहेवटुला, दाइजोप्रथा र दोँगा (द्विरागमन) को विधि आदिजस्ता आञ्चलिक संस्कृति र लोकजीवनको विशिष्ट चित्रणबाट कथा आञ्चलिक बनेको छ ।

मैथिली भाषामा केटाकेटीहरूले क ख पढ्दै ... " कविर काने कानुनका, हर्से कि, दीर्घे की, तारे कु, बर्दन कू, एकलखे के, दोलख कै, बरदन्ना कौ ..." (पृ ९०) , गणितको पाठ घोक्दा " एघार गरहन एकैसा से, बाह्र बरहन बाह्र से, तेर तेरहन ..." (पृ. ९१) बाट बोलिचालीको भाषा प्रस्तुत गरिएको छ ।

### ३.४.६ भाषाशैली

प्रस्तुत कथाको कथावस्तु तराईको परिवेश र आञ्चलिक जीवनचर्याको चित्रण गरिएको कथा भएकाले यस कथामा स्थानीय भाषा संवादको प्रयोग भएको छ । चटियाहरू (विद्यार्थीहरू), अगहन ( मङ्सिर), लडका (केटा), लेडकी (केटी), बापु (बुवा), बडका (ठूलो), आदरनीय (आदरणीय), दुल्हा ( बेहुला), बेटी (छोरी), दहेज (दाइजो), धनकुट्टा (धान कुट्ने), टिकौला (बचिला), हमारे (हाम्रो), हाथमैं (हातमा), कौनो (कुनै पनि) जस्ता मैथिली भाषाको शब्दहरूको प्रयोग भएको छ । "जाओ रे नेना-भुटका सब, आज छुट्टी ।", "कि रे, किन दिक् गर्छस् मलाई, जा घरमा गएर तातो रोटी खा ।" (पृ. ९६) जस्ता मैथिली भाषाको लवजका बोलीहरूको प्रयोग पनि भएको छ ।

यो कथा पनि आञ्चलिक कथा हो । प्रस्तुत कथामा तराईको समाजमा देखिएको वास्तविकतालाई कथावस्तु बनाइएकोले यसको शैली रिपोतार्जशैली बन्न पुगेको छ । यसर्थ आञ्चलिक शैलीविशेषमा लेखिएको कथा हो ।

यस कथामा आएका विशिष्टताले त्यस अञ्चलको आञ्चलिकतालाई समेटेको छ । कथामा आएका परिवेश, पात्र, पात्रहरूले प्रयोग गरेको भाषा संवाद आदिले आञ्चलिकता झल्काएको छ ।

स्थानीय भाषा, संस्कृतिको चित्रण र प्रकृतिको चित्रण हुनु कथाको सुरुदेखि अन्त्यसम्म आञ्चलिकताकै सेरोफेरोमा रहनुजस्ता कारणले यो कथा आञ्चलिक कथाका रूपमा देखापर्छ ।

## ३.५ भुन्टीको भविष्य

"भुन्टीको भविष्य" कथा **भविष्ययात्रा** (२०५२) कथासङ्ग्रहमा सङ्कलित कथा हो ।

### ३.५.१ कथ्य विषय, कथासार र उद्देश्य

भुन्टीको भविष्य कथाको कथानक कथ्य अञ्चलको विशिष्टता झल्काउने उद्देश्यबाट निर्मित छ । प्रस्तुत कथामा चुरे, बोर्डर, सखुवनी टोल र बाघमारा पञ्चायतजस्ता तराईका विभिन्न ठाउँको चर्चा गरिए पनि मूलतः सखुवनी टोलको कथा हो । सखुवनी टोलका निम्न वर्गीय परिवारको जीवनचर्या, रहनसहन, संस्कृति, हाटबजार, दुःखकष्ट, शोषक वर्गले निम्न वर्गलाई दिएको दुःख र मानसिक पीडा आदि आञ्चलिक विशिष्टतालाई यस कथाको कथ्य विषय बनाइएको छ ।

प्रस्तुत कथामा केन्द्रीय पात्र भुन्टीको जीवनका उतारचढाव, दुःखकष्ट, र पीडाको मानसिक उद्घाटन गरिएको छ । सानिमाको घरमा साहेव र सिपाहीले गरेको विनाश कार्य, त्यहाँबाट भागी बसमा चढ्नको लागि उनले गरेको गुहार, म पात्रको रूपमा आएको व्यक्तिले उसलाई गरेको सहयोग, भुन्टीले आफ्नो बालसुलभपनको कारणले गरेका व्यवहारहरूको स्थिति र आफ्नो घर आइपुग्दा घरको अवस्था बेहाल भएको घटनाको उतारचढावको वर्णन यस कथामा गरिएको छ ।

भुन्टीको सेरोफेरोमा कथानक अगाडि बढेको छ भने प्रस्तुत कथा सामाजिक यथार्थवादी कथा भएकाले भुन्टीजस्ता कैयौँ बालिकाहरू हाम्रो समाजमा आफ्नो भविष्य तथा विहानबेलुकाको दुईछाक दालभात-डुकु जोहो गर्ने कार्यमा दिनरात लाग्दा पनि आफ्नो भनेजस्तो लक्ष्य र गन्तव्यमा पुग्न नसकी वीचैमा पहिरो गएजस्तै उनीहरूको कहिल्यै पनि माथि उठ्न नसकेको परिस्थितिको बोध गरिएको छ । समाजका सामन्ती वर्गले भुन्टीको घरपरिवारलाई आफू बसेको ठाउँबाट बिल्लीबाठ पारी बसेको ठाउँबाट अन्यत्र जान विवश गराई उनीहरूको जीवनसँग खेलबाड गरेको प्रसङ्ग उल्लेख छ । त्यस समाजमा भएको यर्थालाई जस्ताकोतस्तै कथामा उतारिएको हुनाले यो आञ्चलिक कथा हो ।

### ३.५.२ स्थानीय रङको विशिष्ट चित्रण

तराईको सखुवनी टोलको स्थानीय चित्रण छ । त्यहाँका बासिन्दा, उनीहरूको रहनसहन बोलीचालीमा स्थानीयता चित्रित छ । स्थानीय हाटबजार, चहकिलो घाम, मेलाहाटमा बोर्डर पारिबाट आएका नौटङ्कीले नाचगान गर्ने, आलसको तेलमा बनेका पकवानको गन्ध बाक्लो गरी फैलिएको छ । स्थानीय घटना सन्दर्भहरू छन् । यस कथामा जेजति घटनाहरू घटेका छन् ती सबै स्थानीय विशिष्टतामा घट्ने घटनाहरू छन् । चरित्रहरू स्थानीय विशिष्टतामा सीमित छन् । पात्रले बोल्ने भाषा स्थानीय हो । " ए उतर, भीडमा मर्छेस् रे छौंडी पैसा छ ?" "चढादे रे, पसिन्जर हल्ला करता है" (पृ. २३०) यसरी हेर्दा प्रस्तुत कथामा पूर्णतः स्थानीय रङको विशिष्ट चित्रण भएको छ । आञ्चलिक कथाका लागि महŒवपूर्ण आधार हो ।

### ३.५.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

यस कथामा कथ्य अञ्चलको जीवनचर्याको चित्रण छ । हाटमेला जाने, नाचगान हेर्ने, डालोमा मुरही बेच्ने, मेलापात गएको माछा मारेको, रुख चढेको, मितिनी लगाएको, झगडा गरेको आदि दैनिक व्यवहार, रहनसहन र जीवनचर्याको विशिष्ट चित्रण छ । अलकत्रे सडकमा फिजिएको विहानीको पहेँलो चहकिलो घाम, कोचाकोच मानिसको चमेना र डिजिलको भात खाएर बस ढुलमुलाउँदै र लरखराउँदै कुद्दैछ (पृ. २२९), बसचालक र कन्डक्टर आफ्नो दैनिक कार्यमा व्यस्त छन् । प्यासेन्जर ओराल्ने चढाउने तिनीहरूको गन्तव्यमा पुऱ्याइदिनेजस्तो दैनिक जीवनचर्याको चित्रण छ । समाजमा देखिएका विभिन्न सन्दर्भलाई कथामा समेटिएको हुनाले समाजशास्त्रीय चित्रण स्पष्ट देख्न सकिन्छ ।

### ३.५.४ चरित्र चित्रण

यस कथाकी केन्द्रीय पात्र भुन्टी हुन् । उनकै सेरोफेरोमा कथानक अगाडि बढेको छ । कथाको सुरुदेखि अन्त्यसम्म नै मुख्य पात्रका रूपमा भुन्टी रहेकी छिन् । सानीमाको घरमा गएको बेला साहेव र सिपाहीले गरेको विनाश कार्य, त्यहाँबाट भागेर बस चढ्नको लागि गरेको गुहार म पात्रले उनलाई घरसम्म नै पुऱ्याउन गरेको सहयोगको चित्रण छ । कथामा बालबालिकाका जीवनको उतारचढावको घटना र अन्तर्मनको विश्लेषण गरिएको उत्कृष्ट कथा हो । समाजका विपन्न वर्गका मानिसहरूलाई कुनै पनि क्षेत्रमा हुने गरेको दमन र शोषणको प्रसङ्गलाई यथार्थरूपमा देखाइएको छ । कन्डक्टरले भुन्टीलाई पैसा नभएकोले बसमा चढ्न नदिनु, बेसहारा मानिसलाई कसैले साथ नदिनु, बालसुलभताप्रति खिसी उडाउनु समाजमा धेरैजसो मानिसहरूको वीचमा एउटा त्यस्तो मान्छे हुनु जसले समाजलाई आफ्नो ज्ञान, शिक्षाले सचेत र सही मार्गतिर अग्रसर गराउने म पात्रको चरित्र चित्रण छ ।

### ३.५.५ संस्कृति र लोकजीवन

प्रस्तुत कथामा स्थानीय संस्कृति झल्किने खालको मेलाहाट र जात्राको चित्रण गरिएको छ । लोकजीवनसँग सम्बन्धित विभिन्न सन्दर्भहरू छन् । जस्तैः बोर्डर पारिबाट आएका नटुवाहरू कम्मर भाँचेर नाँचेका, सम्म फाँटमा दौडिरहेका गाडी, मुरही बेच्ने मुरहीवाली र तिनीहरूले प्रयोग गरेको भाषा स्थानीय मैथिली भाषा छ । "ए उतर, भीडमा मर्छेस् रे छौँडी ।"।, "चढादे, पसिन्जर हल्ला करता है ।", "अच्छा गुरुजी, चढ् रे चढ् जल्दी।" (पृ. २३०)

### ३.५.६ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल छ । कथाको कथावस्तु तराईको भएकाले स्थानीय मैथिली भाषाको प्रयोग गरिएको छ । छौँडी (केटी) नटुवा (नाच्ने मान्छे), पसिन्जर (यात्रु), करता है (गर्छ), उतर जल्दी (छिटो झर) जस्ता मैथिली भाषाको शब्दहरूको प्रयोग भएको छ । "पैसा छैन दाजु, म घर जान्छु .... मलाई चढ्न देउन । ", "काका मलाई यहाँ नओराल .... म घर जान्छु ।" जस्ता मैथिली लवजका बोलिहरूको प्रयोग पनि भएको छ । पात्रको स्तर हैसियतअनुसारको संवाद योजना र स्थानीय कथ्य भाषाको प्रयोगले कथा आञ्चलिक बन्न पुगेको छ ।

सामाजिक विषयवस्तुलाई आलोचनात्मक यथार्थवादीशैलीमा प्रस्तुत गरिएको कथा हो । आञ्चलिक कथाको शैली विशेषमा यो कथा लेखिएको पाइन्छ । भुन्टीको भविष्य सामाजिक यथार्थवादी चेतनामा आधारित यस कथामा गाउँले विपन्न वर्गका बालबालिकाको विवशतापूर्ण निस्सार जीवनको दारुण अवस्थाको चित्रण गर्नु साथै समाजको सामन्ती र शोषक वर्गको तुच्छ व्यवहारले गर्दा समाजको विपन्न वर्गले जीवनभर दुःख, कष्ट र पीडा भोग्नु परेको कुरालाई उल्लेख गरिएको छ ।

## ३.६ चोलीके पिछे क्या है ?

"चोलीके पिछे क्या है ?" कथा **पारदर्शी मान्छे** (२०६०) कथासङ्ग्रहमा सङ्कलित कथा हो । यो कथा पनि तराईको ग्रामीण परिवेशको समाजमा देखिएको विकृति विसङ्गति र यथार्थतालाई छर्लङ्ग पारिएको कथा हो ।

### ३.६.१ कथ्य विषय कथासार र उद्देश्य

यस कथाले नेपालको तराईको आञ्चलिकतालाई कथ्य विषय बनाएको छ । त्यहाँको प्रकृति, जनजीवन, समाज , त्यहाँका मानिसको चेतनास्तरसमेतको चित्रणमा कथा केन्द्रित छ ।

प्रस्तुत कथामा नेपाल र भारतको धर्म र संस्कृति समन्वयार्थ भजनमण्डली नेपाल आएको सन्दर्भबाट कथा अगाडि बढेको छ । भजन मण्डली अर्थात् छ जनाको किर्तनिया टोली तराईको एउटा गाउँमा प्रवेश गर्छन् । त्यो टोलीको प्रमुख सियारामशरण हुन् भने एकजना महिला चमेली पनि छिन् । बाली भिœयाइसकेको हुनाले गाउँका मानिसहरू पनि फुर्सद छन् । उनीहरूमा धार्मिक उन्माद थपिन्छ । पढेलेखेका युवाहरू सहर पसेका छन् भने अशिक्षित युवा रोजगारीको लागि पञ्जावसञ्जाव गएका हुन्छन् । गाउँमा बुढापाका र बुहारीहरू मात्रै हुन्छन् । धार्मिक कार्यक्रममा मात्रै जान पाउने बुहारीहरू पनि उत्सुकताका साथ उपस्थित हुन्छन् । किर्तनीया टोलीकी चमेलीलाई देखेर उत्साहित हुँदै उनीहरू आफ्नो घुम्टो अझै माथि सार्छन् । सियारामले भारतको प्रजातन्त्र र नेपालको शिशु प्रजातन्त्रको धार्मिक भावनाले व्याख्या गर्छन् । यो धार्मिक कार्यक्रममा धेरैभन्दा धेरै मानिसको उपस्थिति गराएर चन्दा असुल गर्ने उनीहरूको उद्देश्य हुन्छ । भगवानको नाममा चन्दा दियोभने अर्को साल धेरै अन्न फल्छ भन्दै गाउँलेलाई उक्साउँछन् । कार्यक्रममा हिन्दी गीत बज्छ “मे दुनियाँ से अव न डरूँ, तुम्ही से मै प्यार करूँ (पृ. १४७)

प्रस्तुत कथाले तराईको परिवेशलाई आफ्नो कथ्यविषयको क्षेत्र बनाएको छ । धार्मिक कार्यका नाममा छाडा गीत बजाएर अनावश्यक चन्दा असुल्ने र धार्मिक कार्यमा मात्रै आउन पाउने महिलालाई बढी स्वतन्त्र बनाएको छ । एकछिन पछि हेर्दा महिलाहरू आफ्नो ठाउँमा हुँदैनन् । कथामा जेजति घटना सन्दर्भ आएका छन् तिनीहरूले आञ्चलिक विशिष्टता देखाएका छन् । यस कथाको उद्देश्य भन्नु नै तत्कालीन समाजमा देखिएका विकृति विसङ्गति र आधुनिकताका नाममा भित्रिएको छाडापनको चर्चा गर्दै आञ्चलिक विशिष्टता देखाउनु यस कथाको उद्देश्य हो ।

### ३.६.२ स्थानीय रङको विशिष्ट चित्रण

प्रस्तुत कथामा नेपालको तराई क्षेत्रको गाउँको परिवेशको चित्रण छ र भारत पञ्जावको नाम उल्लेख भएको छ । कथामा मूलतः तराईको गाउँको स्थानीयता प्रकट भएको छ - “यो गाउँ नेपाल-तराईको सबै गाउँजस्तै गाउँ नै थियो अर्थात् यहाँको युवाहरू पञ्जावसञ्जाव रिटर्न भएका” (पृ १४५) ।

प्रस्तुत कथामा त्यस अञ्चलभित्रको प्राइमरी स्कूल, बाँसघारी र आँपको ठूलो बगैंचा, भारत र नेपालको धर्म र संस्कृतिको समन्वयार्थ भजनमण्डली आदिको चित्रण छ । स्थानीय बासिन्दाहरूको चरित्रचित्रण गरिएको छ ।

### ३.६.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

प्रस्तुत कथामा कथ्य अञ्चलको मानिसहरूको दैनिक जीवनचर्याको चित्रण गरिएको छ । खेतीपाती गरी आफ्नो जीविकोपार्जन गर्ने किसानहरूको जीवनचर्या चित्रित छ । मूलतः भारतबाट आएका भजीया टोलीले नै धर्मका नाममा पैसा असुल्दै छाडा गीत बनाएर विकृति भिœयाएको सन्दर्भलाई उल्लेख गरिएको छ । भजनीया टोलीकी चमेलीले घुम्टोसमेत उघार्न लजाउने महिलालाई उत्साहित बनाउँछिन् । महिलाहरू आफ्ना घुम्टा माथि सार्छन् । ती महिलाहरू आफ्नो ठाउँमा हुँदैनन् । रातको आठ बज्छ, लाउडस्पिकरमा गीत बजाइन्छ । चोलीके पिछे क्या है ? चुनरी के निचे क्या है, चुनरी के निचे क्या है? यसरी हेर्दा कथाले कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण गरेको छ ।

### ३.६.४ चरित्रचित्रण

प्रस्तुत कथामा मुख्य पात्रको अभाव छ । यहाँ गाउँले किसानहरू शिवलाल कुर्मी, धरखन झा, कैलू चमारको छोरो र गाउँका बुहारीहरू आदि पात्रहरूले स्थानीय परिवेशको सम्पूर्णता प्रष्ट्याएका छन् । त्यसै गरी भारतबाट आएका भजनिया टोलीका प्रमुख सियारामशरण र चमेलीको चरित्र चित्रण गरिएको छ । नेपाल भारतको धर्म संस्कृतिको समन्वयार्थ भजनमण्डली नेपाल आउँछ तर धर्मको नाममा चन्दा असुल्ने र छाडा गीत बजाएर विकृति फैलाउनजस्तो खराव नियतको सियारामशरणको चरित्र चित्रण गरिएको छ ।

मूलतः थोरै पात्रको उपस्थिति रहनु र यी पात्रहरूको माध्यमबाट त्यस ठाउँका स्वभाव प्रस्टिनु र कुनै पनि पात्रको केन्द्रियता नहुनुले कथालाई आञ्चलिक बनाएको देखिन्छ ।

### ३.६.५ संस्कृति र लोकजीवन

प्रस्तुत कथाले तराईको ग्रामीण परिवेशको संस्कृतिलाई राम्ररी प्रष्ट्याएको छ । नेपाल भारतको धर्म संस्कृति मिल्ने भएकाले दुई देशवीचको धर्म संस्कृतिको कुरा गरिएको छ । भारतबाट भजनिया टोली नेपालमा आएर भजनकीर्तनमा सहभागी हुन सबैलाई आग्रह गर्छन् । लोकजीवनसँग सम्बन्धित त्यहाँका महिलाहरूले घुम्टो हाल्ने प्रचलन आफू मन लागेको ठाउँमा हिड्न नपाउने धार्मिक कार्यक्रममा मात्रै हिँड्न पाउनेजस्तो संस्कृति र लोकजीवनको विशिष्ट चित्रणबाट कथा आञ्चलिक बनेको छ ।

### ३.६.६ भाषाशैली

प्रस्तुत कथामा आञ्चलिक कथाअनुरूपको भाषाको प्रयोग भएको छ । हिन्दी भाषाका “देखिए प्रधान जी, नेपाल और भारत में कोई फर्क नहीं हैं । हम और आप एक ही हैं । छोटे भाइको बडे भाइका अनुशरण करना चाहिए । प्रेम से भगवान सियारामशरण मे आइए । दिल खोलके चन्दा दान किजिए । कल्याण होगा, अगले साल इस गाँव में और फसल उवजेगा, बोलिए सीयावर रामचन्द्र की जय !” (पृ. १४५) जस्ता वाक्यहरू र तुम्ही (तिमी), प्यार (माया), डरूँ (डराऊँ), गाना (गीत), छोटे ( सानो), बडे (ठूलो), गावँ (गाउँ), आप (तपाईँ), फर्क (फरक), उवजेगा (उब्जिन्छ) जस्ता शब्दहरूको प्रयोग गरिएको छ । स्थानीय भाषाको प्रयोग पात्रको स्तर र हैसियतअनुसारको संवाद योजनाले कथा आञ्चलिक बन्न पुगेको छ ।

यस कथामा जेजति विशिष्टताहरू आएका छन् त्यसले तराईको गाउँको परिवेशलाई समेटेको छ । कथामा आएका प्रसङ्गहरूले त्यहाँको आञ्चलिक विशिष्टता झल्काएको छ । कुनै चरित्र वा घटनाको केन्द्रियता नहुनु, स्थानीयताकै सेरोफेरो रहनु आदि कारणले यो कथा आञ्चलिक कथाका रूपमा देखापर्दछ ।

## ३.७ भारतीय माल

“भारतीय माल” कथा **मनु ब्राजाकीका छोटा कथाहरू** (२०७०) सङ्ग्रहमा सङ्कलित कथा हो ।

### ३.७.१ कथ्य विषय कथासार र उद्देश्य

कथाले नेपाल भारत सीमानाको बोर्डर नजिकै तराईको परिवेशको आञ्चलिकतालाई कथ्य विषय बनाएको छ । त्यहाँको प्रकृति, जनजीवन, समाज र चेतनास्तरसमेतको चित्रणमा नै केन्द्रित छ । नेपाल र भारतको सम्बन्ध बिग्रिएका कारण सर्वधारण मानिसले पाएको सास्तीको चित्रण यस कथामा गरिएको छ ।

अनुपलालको ससुराल भारतमा पर्दछ । नेपाल र भारत सम्बन्ध बिग्रिएको हुनाले कतै बोर्डर पूरै पो बन्द हुने हो कि भन्ने पीरले आफ्नी श्रीमती लिन भारत ससुराली जान्छ । त्यहाँ दुई दिन बसेपछि आफ्नी श्रीमतीलाई लिएर नेपाल फर्किन्छ । बोर्डरमा आइपुगेपछि दाइजोको रूपमा ल्याएको साइकल र केही नयाँ लुगाको बाकस खोतलिन्छ । त्यहाँका कर्मचारीले यो भारतीय माल हो यसलाई नेपाल लैजान मिल्दैन आयातनिर्यातमा रोक लगाएको छ भन्दै रोक्छ । बोर्डरसम्म अनुपलालका ससुरा पनि आएका हुन्छन् । सामान लान नदिएको रिसमा आफ्नी श्रीमतीतिर देखाउँदै यो पनि भारतीय माल हो म लान्न

भन्दै ससुरालाई तपाईंकी छोरी तपाईं नै लानू भने पछि त्यहाँ मानिसको घुइँचो लाग्छ । समस्या थियो एउटी भारतीय चेलीको भविष्यको सबै मानिसले कर्मचारीको असामाजिक व्यवहार र अन्यायपूर्ण भनेर विरोध गरेपछि मात्र सामान लान दिन्छ । त्यहाँको सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक हरेक कुराको चित्रण गरिएको छ । यही विशिष्टतालाई कथाले कथ्य विषय बनाएको छ ।

कथामा आएका जेजति घटना सन्दर्भहरू छन् तिनीहरूले दुई देशको विग्रिएको सम्बन्धका कारण मानिसले पाएका दुःखलाई प्रस्तुत गर्नु र आञ्चलिक विशिष्टिता देखाउनु हो भन्न सकिन्छ ।

### ३.७.२ स्थानीय रङको विशिष्ट चित्रण

प्रस्तुत कथामा नेपाल, भारत, बोर्डर, दसगजा, भारतीय चेकपोष्ट र भारतको सैदपुरको नाम उल्लेख भएका छन् । कथामा मूलतः तराईको स्थानीयताको चित्रण पाइन्छ । प्रस्तुत कथामा खास गरी भारतबाट नेपाल आउँदा बोर्डरका कर्मचारीले रोकेपछि उत्पन्न तनावलाई कथामा प्रस्तुत गरिएको छ । “ए लडके ! ये भारतीय माल है, यिनके तुम अपने देशमे नही ले जा सकते हो ।”, “देखो बढे बाबा! ये देशका सवाल है, तुम नहीँ जानते तुम्हे भी हमारी मदत करनी चाहिए । भारतीय माल कौनसी भी नेपाल नही जाएगा सम्झे ?” (पृ. १७)

प्रस्तुत कथामा बोर्डर, दसगजा, गुलावी कुर्ता, पहेँलो धोती लगाएको ज्वाइँ, रातो साडी घुम्टो हालेकी छोरी, धोती कुर्ता र मुरेठा (फेटा) साइकलको क्यारियरमा सामान राखेको आदि स्थानीयता र स्थानीय बासिन्दाको चरित्रचित्रण छ ।

### ३.७.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

प्रस्तुत कथामा कथ्य अञ्चलको जीवनचर्याको चित्रण भएको छ । “नेपाल भारत सम्बन्ध विग्रिएको हुनाले कतै बोर्डर पूरै बन्द नै हो कि भन्ने पीरले नेपाली ससुरा रामरवेलावनले आफ्नी बुहारी ल्याउन भनी छोरालाई ससुराली जान अह्राएकाले बा को आज्ञा शिरोपर धोती कुर्था र काँधमा रातो तौलिया हालेको अनुपलाल हवाईचप्पल पड्काउँदै दसगजा पार गर्छ ” (पृ. १६) । तराईको समाजमा अनिवार्यजस्तै रहेको दाइजो प्रथालाई यस कथामा भने नेपाली केटाले भारतीय केटी विवाह गर्दा दाइजो नलिएको सन्दर्भ उल्लेख गरेको छ । एउटा साइकल भने केटीको बाउले आफ्नो खुसीले दिएका छन् । भारतीय ससुरा दहेजमुक्तिले खुसी छन् । यसरी हेर्दा कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण गरेको पाइन्छ ।

### ३.७.४ चरित्रचित्रण

यस कथाको मुख्य भूमिकामा अनुपलाल देखा पर्दछ । अनुपलाल आञ्चलिक विशिष्टताले जन्माएको चरित्रको रूपमा देखा पर्दछ । दुई देशवीच बिग्रिएको सम्बन्धका कारण बोर्डर पूरै बन्द होला कि भन्ने डरले भारतमा रहेकी श्रीमतीलाई लिन गएका हुन्छन् । बिना दाइजो विवाह गरेका अनुपलाल सकारात्मक सोच भएको पात्रका रूपमा देखा पर्दछ ।

अनुपलालका अतिरिक्त उसका बुवा रामखेलावन, ससुरा, मामाको छोरा रुदल, श्रीमती र बोर्डरका कर्मचारी छन् भने श्रीमतीका साथीहरूले बिदाइमा गीत गाएको प्रसङ्ग मात्रै उल्लेख गरिएको छ । यी चरित्रका माध्यमबाट स्थानीय व्यक्तिको स्वभाव, बानीव्यहोरा, भूगोल र देशको तत्कालीन परिस्थिति राम्ररी प्रष्टिएको छ ।

### ३.७.५ संस्कृति र लोकजीवन

यस कथामा नेपालको केटा र भारतकी केटीवीच वैवाहिक सम्बन्ध जोडिएका कारण त्यहाँको संस्कार संस्कृतिको चित्रण गरिएको छ । भारतीय संस्कार अनुसार छोरी घर पठाउँदा पक्वान्न मिष्ठान्नको डालो, चँगेराको साथै छोरीज्वाइँलाई लुगाफाटो दिएर बिदा गर्ने संस्कारको उल्लेख गरेको छ । अनुपलाल र उनकी श्रीमतीको माध्यमबाट नेपाली र भारतीय संस्कृतिको अन्तर्सम्बन्ध देखाइएको छ ।

कथामा लोकजीवनको चित्रण छ । दाइजो प्रथा, दुई देशवीचको वैवाहिक सम्बन्धजस्ता आञ्चलिक संस्कृति र लोकजीवनको विशिष्ट चित्रणबाट कथा आञ्चलिक बनेको छ ।

### ३.७.६ भाषाशैली

प्रस्तुत कथामा आञ्चलिक कथाअनुरूपको भाषाको प्रयोग भएको छ । हिन्दी र मैथिली भाषाको प्रयोग गरिएको यस कथामा हिन्दी भाषाका “ए लडके ! ये भारतीय माल है, इनके तुम अपने देशमे नही ले जा सकते हो” (पृ. १७), “देखो बुढे बाबा! ये देशका सवाल है, तुम नही जानते, तुम्हे भी हमारी मदत करनी चाहिए । भारतीय माल कौनसी भी नेपाल नही जाएगा सम्झे ?” (पृ. १७) जस्ता वाक्यहरूको प्रयोग गरिएको छ भने कनियाँ (दुलही), मुरेठा (फेटा), घरवाली (श्रीमती), पगडी (फेटा) जस्ता शब्दहरूको प्रयोग गरिएको छ ।

कथामा स्थानीय प्रकृतिको चित्रणसमेत पाइन्छ । नेपाल भारतको सीमाना बोर्डर, दसगजा र भारतको सैदपुरको चित्रण गरिएको छ । यो कथा आञ्चलिकशैलीमा लेखिएको छ । घटनाहरू

सुच्यात्मक छन् । जसले गर्दा यो कथाको शैली रिपोतार्ज शैलीको नजिक बन्न पुगेको छ ।

यस कथामा आएका जेजति घटनासन्दर्भ, परिवेश, पात्र र तिनीहरूले प्रयोग गरेको भाषा संवादले अञ्चलको सम्पूर्णतालाई समेटेको छ । आञ्चलिकता झल्काउनकै लागि आएका छन् । प्रस्तुत कथामा दुई देशवीच विग्रिएको सम्बन्ध र त्यसले उत्पन्न गरेको समस्यालाई यहाँ प्रष्ट्याइएको छ । नेपाली र भारतीयवीच विवाह गराउन सक्छ, बिदावारी गराउन सक्दैन बेवकुफ सरकारको संज्ञा दिँदै सरकारको आलोचना गरिएको छ । आञ्चलिकताका दृष्टिले उक्त कथा उत्कृष्ट हो ।

### ३.८ गुरु चेला र माकुराको जालो

"गुरु चेला र माकुराको जालो" कथा **अन्नपूर्णाको भोज** (२०७०) कथासङ्गहमा सङ्गृहित कथा हो ।

### ३.८.१ कथ्य विषय, कथासार र उद्देश्य

प्रस्तुत कथाले समाजलाई केन्द्र बनाएकाले समाजको प्रतिबिम्ब उतारिएको छ । कथामा तराइली समाजको चरम, क्रूर र अन्यायको मार विसुनदेवाजस्ता पात्रले भोग्नुपर्ने कुरा प्रस्तुत गरिएको छ । तराईको प्रकृति, जनजीवन, समाज, चेतनास्तरसमेतको चित्रणमा नै कथा केन्द्रित छ । "म" पात्रका केन्द्रमा कथाको कथात्मक घटना क्रियाशील छ ।

"म" पात्र कथाको विषयका लागि बाहिर निस्किएको प्रसङ्गबाट कथा सुरु हुन्छ । विशिष्ट र फरक भूमिकाको पुञ्ज मानिएकी मास्टर्नीकहाँ कथाको विषय खोज्न "म" पात्रले पुग्ने विचार गर्दै घरबाट निस्किन्छ । कथाको विषय खोज्न निस्केको म पात्र बगरमा गोठालाहरूले होहल्ला गरेतर्फ लाग्छ । जिन्दावाद र मुर्दावाद नारा लगाउँदै आएका केटाहरूतर्फ म पात्रको ध्यान केन्द्रित हुन्छ र रहस्य बुझ्ने प्रयत्न गर्दै त्यहाँ जान्छ । त्यहाँ निर्वाचित प्रधानपञ्चलाई समय नपुग्दै पदच्यूत गर्न गरेको प्रपञ्चप्रति बाल पात्र विसुनको असहमति सुनेर आश्चर्यमा पर्छ । शक्तिका पछि लागेर सत्यलाई हराउने परम्परा पुनः हाबी छ भन्ने देखाउनु, विसुन कसैसँग नमिलेर क्रोधित र आक्रोशित भएर फर्केकोजस्ता प्रसङ्ग आएका छन् ।

"म" पात्रकै सेरोफेरोमा कथानक अगाडि बढेको छ । तराईको गाउँका बासिन्दाको सामाजिक आर्थिक आदि विशिष्टताको चित्रण छन् । तत्कालीन विकृत सामाजिक र राजनैतिक विषयलाई उठाइएको छ। विसुनले पढ्ने इच्छा गर्दा पनि कर्जा तिर्नुपर्ने भएकाले विसुनलाई साहुकोमा पठाउन

चाहन्छन् । “म” पात्रले विसुनलाई पढाउने आश्वासन दिएपछि विसुन बेलुका पढ्न जान थाल्छ । विसुन पढेर प्रधानपञ्च बनि कनाह र मुन्नरजस्ता खराव प्रवृत्तिलाई दण्ड दिनका लागि प्रतिवद्ध भएको छ । “म” पात्रलाई समाज, सामाजिक अवस्था र विसुनको भविष्यजस्ता पक्षले अन्योलमा पारेको छ । अन्योलपूर्ण यो अवस्था सम्हाल्नै नसकिने भएकाले माकुराको जालोसँग तुलना गरिएको छ ।

### ३.८.२ स्थानीय रङको विशिष्ट चित्रण

यस कथामा तराईको ग्रामीण समाजको चित्रण छ । जनकपुरका वासिन्दाहरूको स्थानीयता चित्रित छ । तत्कालीन समाजमा देखिएका सामाजिक राजनैतिक अवस्थाको चित्रण छ । स्थानीय घटना सन्दर्भहरू छन् । प्रस्तुत कथाका पात्रले स्थानीय मैथिली भाषाको प्रयोग गरेका छन् । यस कथामा जेजति घटनाहरू घटेका छन् ती सबै स्थानीय विशिष्टतामा घट्ने घटनाहरू छन् । दुई सय गज भन्दाठूलो फाँट छ । फाँटमा दुबो, मोथे, सेहुल काँस मौलाएको छ । गाउँ भरिका गाई, गोरु, भैंसी, बाखा, चरिरहेका छन् । बगरमा गोठालाहरू खेल्दैछन् । यसरी हेर्दा कथामा स्थानीय रङको विशिष्ट चित्रण छ । आञ्चलिक कथाका लागि यो महŒवपूर्ण आधार हो ।

### ३.८.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

यस कथामा कथ्य अञ्चलको जीवनचर्याको चित्रण छ । गाईवस्तु चराउन जाने गोठालाहरूको जीवनचर्या चित्रित छ । बिँडी सल्काउने, गफ गर्ने, हाटबजार जाने, भैंसी चराउने, पढाउने आदि चित्रणले अञ्चलको दैनिक जीवनचर्याको विशिष्टता राम्ररी झल्किएको छ । कथाको समयगतरूपमा वि.सं. २०४६ पूर्वको पञ्चायती शासनकाल रहेको छ भने सामाजिक आर्थिक परिवेशका रूपमा तराईका सामन्तले निम्नवर्गमाथि गर्नेगरेको दमन चित्रित छ । अन्याय अत्याचार शोषणदमन र उत्पीडनको पराकाष्ठाको सग्लो तस्विर खिचेको छ । त्यहाँको जनजीवनलाई अव्यवस्था, चरम निराशा, विकृत र विसङ्गतरूपमा चित्रित गरेकाले कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण छ ।

### ३.८.४ चरित्रचित्रण

यस कथाको प्रमुख पात्र “म” पात्रका रूपमा देखा परेको छ । सहायक पात्रका रूपमा विसुनदेवा र गौण पात्रका रूपमा मास्टर्नी विसुनकी आमा र गोठालाहरू रहेका छन् । “म” पात्रका सेरोफेरोमा कथाको घटना क्रियाशील छ । ऊ समाजको शिक्षित र समाजलाई बुझेको पात्र हो । बाल पात्र विसुनले निर्वाचित प्रधानपञ्चलाई समय नपुग्दै पदच्यूत गर्न गरेको चलखेलप्रति असहमति जनाएको छ । पछि

धेरै पढेर प्रधानपञ्च बनी समाजका खराव प्रकृतिका मानिसलाई दण्ड दिने प्रतिवद्धता जनाउँछ । समाजका निम्न वर्ग र उच्च वर्गका वीचको दूरी अध्ययन गरी सुक्षम चित्रण गर्ने म पात्र कथाको केन्द्र र यथार्थ पात्र हो । सम्पूर्ण पात्रको चरित्रचित्रणबाट अञ्चललाई सम्पूर्णमा चिनाउने प्रयत्न भएको छ ।

### ३.८.५ प्रकृति चित्रण र लोकजीवन

प्रस्तुत कथाको ग्रामीण, सामाजिक र आर्थिक परिवेश तराईको हो । स्थानगत परिवेशका रूपमा उल्लेख गरिएका समथर भूभाग तराईको खास क्षेत्रको फाँट, गाईवस्तु चर्ने फाँट, खेतिपातिको अवस्था र तराई परिवेशका पात्र कथाबद्ध छन् । जनकपुर-जयनगर रेलवेको स्थापनाले सखाप पारेको जङ्गल, खोलानिरको वनलेउर र तराईको फाँटमा मौलाएको काँस आदिले स्थानीय प्रकृतिको चित्रण गरेको छ । लोकजीवनसँग सम्बन्धित लोक गीतको समावेश हुनुले स्थानीय पनको झल्को दिएको छ ।

“गायक चरवा उज्जर-उज्जर
भैसक चरवा काटी रे
तोहर लाठी सनई-सण्ठी
हम्मर लाठी भारी रे” (पृ. २२५) ।

### ३.८.६ भाषाशैली

प्रस्तुत कथामा आञ्चलिक कथाअनुरूपको भाषाको प्रयोग भएको छ । मैथिली भाषाका बनियाँ, बादबाँकी, ढकोसला, वनलेउर, अमलतास, चरवाह, भैंस, अच्छा, छौंडी, छोट्का, पिपरमेन्ट, हाथी, भौजी, भैयाजस्ता शब्दहरूको र “भैया कहु ल, पापी पेट के खातीर हम यी परम्परा आ ढकोसला बेच देली, कि पाप कइली हम ?” (पृ. २२१), “हमर भैंस लेने अहियो रे तुँ सभ, हम जाइछी । परञ्च हम छोडेवला नही छि” (पृ २२३) जस्ता वाक्यको प्रयोग गरिएको छ । “अरे तँ कहाँको प्रधानपञ्च भइस् रे ?” (पृ. २१७), “विसन ! रे विसना ! के भो ?” (पृ. २१६) जस्ता स्थानीय बोलिको भाषा प्रयोग गरिएको छ । भाषाशैलीका दृष्टिले कथा स्तरीय छ भन्न सकिन्छ ।

प्रस्तुत कथाको शीर्षकले असमानजस्यपूर्ण अन्यौलग्रस्त समाज र समाजका थरीथरीका मनोवृत्तिले कथामा माकुराको जालोझैं उल्झन सिर्जना गरेको कुरालाई सुक्ष्म दृष्टिले हेरिएको छ । समाज वास्तवमा समाज हुन लायक छैन । अनेकौं विकृतिका रासमा जेलिएको समाज सामन्तका पञ्जाले डामिएको छ । यथार्थ परिवेश चित्रण गर्नु र तराईको समाजका अमानवीय कहालीलाग्दा घटना

तस्विरहरू चित्रण गर्नु कथाको उद्देश्य हो । कथामा आएका परिवेश त्यहाँको प्रकृति परिवेशभित्रको जीवनचर्या, रहनसहन त्यहाँको सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक आदि विषयवस्तुको स्थानीयता र विशिष्ट चित्रणबाट यस कथाले आफूलाई सफल आञ्चलिक कथाका रूपमा स्थापित गर्न सकेको देखिन्छ ।

## ३.९ आखिर सजीवको कर्तव्य के हो त ?

"आखिर सजीवको कर्तव्य के हो त ?" कथा **जनजीवनका जीवनगाथा** (२०७०) कथासङ्ग्रहमा सङ्गृहित कथा हो ।

### ३.९.१ कथ्यविषय, कथासार र उद्देश्य

प्रस्तुत कथाले तराईको समाजमा देखिएका विकृति, विसङ्गति, वेश्यावृत्ति, लागूपदार्थको प्रयोग आदि जस्ता कुरालाई कथाको विषय बनाइएको छ । तराईको समाज, त्यहाँ बसोबास गर्ने मानिस, तिनीहरूको दैनिक जीवनचर्या उनीहरूले प्रयोग गरेको स्थानीय भाषा र सांस्कृतिक विशिष्टताको चित्रण यस कथामा पाइन्छ । "ऊ" पात्र लगायत उसको बाबु वेश्यावृत्ति गर्ने पत्नीका कारण पीडित बनेको कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

कथामा "ऊ" पात्र र उसकी श्रीमती रामदुलारीका माध्यमबाट गरिवीको मार्मिक चित्र उतारिएको छ । ऊ पात्र सानो छँदा उसकी आमाको मृत्यु भएका कारण बाबुले अर्की श्रीमती ल्याउँछन् । उनको वेश्यावृत्ति र लागू पदार्थको प्रयोगदेखि साह्रै दिक्क भएको थियो । एक दिन गाउँका पञ्चभलाद्मीसँग अनैतिक क्रियाकलापमा संलग्न भएको भेट्छ र आँगनमा गएर चिच्याउन थाल्छ । सबैले थाहा पाउने डरले भलाद्मी तगारो फड्केर भाग्छन् । सौतेनी आमा भने ऊ पात्रलाई पिट्न थाल्छे । गाउँले मुकदर्शक मात्र भएर बसेका छन् । ऊ सौतेनी आमाको प्रताडना सहन नसकेर सानैमा बाँच्ने आधारको खोजीमा भारतीय भूमिमा जान्छ । भारत उसको मामाघर भएका कारण माइथान मेला भर्न आएका श्रद्धालु भक्तजनसँग भारत जान्छ र त्यहीँ बसेर म्याट्रिकसम्म पढ्छ । त्यहीँकी रामदुलारीसँग विवाह गर्छ । विवाहपश्चात् नेपाल आउँदा उसको आफ्नो नाममा एक कित्ता जग्गा पनि हुँदैन । रामदुलारीका माध्यमबाट ससुरालीतिरै गएर आश्रय लिने विचार गर्दा त्यहाँ पनि एककोठे छाप्रोमा उसका बाबुको ठूलो परिवार अटाउन बाध्य हुनुपर्ने र कुल्ली काम गरेर गुजारा चलाउनु पर्नेजस्ता कुराले भारत जान मन गर्दैन । जे भएपनि नेपालमै बसेर गुजारा चलाउँला भन्दै श्रीमतीलाई फकाउँछ । नेपालमै बस्ने वातावरण मिलाउँछ र सौतेनी आमासँग बस्ने निधो गर्छन् । सोझी इमान्दार

रामदुलारी सौतेनी सासूको इसारामा चल्दाचल्दै वेश्यावृत्तिमा लाग्न बाध्य हुन्छिन् ।

प्रस्तुत कथामा वेश्यावृत्ति, लागूपदार्थको प्रयोग र पञ्चभलाद्मीको शोषणलाई चित्रण गरिएको छ । यस कथाको सङ्केन्द्रिकृत चरित्र "ऊ" हो । "ऊ" पात्र बाबुको वेश्यावृत्ति गर्ने पत्नीका कारण पीडित बनेका छन् । आफ्नी सौतेनी आमाको वेश्यावृत्तिलाई उद्घाटन गर्न खोजेको छ । ऊ पात्रलाई आफ्नै पत्नीले समेत सासूकोजस्तै वेश्यावृत्तिलाई जीवनवृत्तिको पेसा बनाएपछि ऊ छट्पटिन्छ र अन्तर्घातको पीडाले दयनीय अवस्थामा पुग्छ । यसरी अञ्चलभित्रका विभिन्न घटना सन्दर्भ विकृति विसङ्गति, लागूपदार्थ प्रयोग गरिवीको यथार्थता प्रष्ट्याउनमा कथा केन्द्रित भएकाले कथाको उद्देश्य पनि आञ्चलिक देखिन्छ ।

### ३.९.२ स्थानीय रङको विशिष्ट चित्रण

प्रस्तुत कथाले तराईको परवेशभित्रको स्थानीयतालाई त्यसकै विशिष्टतामा चित्रण गरेको छ । तराईको परिवेशभित्रका मुसहरवस्तीका केटाकेटी ठूलो पोखरी, पानदोकान, माइस्थान मेला, रामजानकी मन्दिर आदिको चित्रण गरेको छ । स्थानीय पात्रहरू छन् । स्थानीय घटना सन्दर्भहरू र स्थानीय भाषा प्रयोग छ ।

कथामा स्पष्टवादी रामदुलारीको लोग्नेले बेहोरेको  हण्डरको बयान गर्दै एकातिर स्पष्टवादी, इमानदार चरित्रहरू अन्तः विविध विप्ल्याटा परिस्थितिका कारण कसरी विक्षिप्त हुन्छन् भन्ने देखाइएको छ भने अर्कातिर विकृत यौनका कारण पथभ्रष्ट नारी (सौतेनी आमा) ले आफ्नो घरपरिवार कसरी छिन्नभिन्न तुल्याउँछिन् र तिनको सङ्गतले चरित्रवती (रामदुलारी) जस्ता पनि कसरी पतीत बन्न पुग्छन् भन्ने कुरा देखाइएको छ । कथामा चित्रित स्थानीय रङले आञ्चलिक विशिष्टता हासिल गरेको छ ।

### ३.९.३ आञ्चलिक जीवनचर्या र समाजशास्त्रीयता

कथामा जनकपुर अञ्चलको दैनिक जीवनचर्याको चित्रण छ । पोखरीको डिल, पीपलको बोट, तल गाउँलेहरू खैनी माडेर बसेका, घाटमा आइमाईहरू नुहाउँदै गरेका, माइस्थान मेला, रामजानकी मन्दिरमा पूजाआजा गरेका, केटाकेटी गुच्चा खेलेको, सारा गाउँले पोखरीको डिलमा भेटघाट हुने गरेको, वेश्यावृत्तिमा लागेर सम्पत्ति सिध्याएकोजस्ता जीवनचर्या प्रस्तुत गरिएको छ । धनी, गरिव, इमान्दार, खराव, शोषक-शोषित आदि विभिन्न सामाजिक अवस्थाको चित्रण छ । त्यहाँको रहनसहन आर्थिक अवस्था, तत्कालीन समाजका तथाकथित पञ्चभलाद्मीहरूको विवेकशून्य एवं ध्वंसक मनोवृत्तिका कारण

समाजमा मौलाउँदै गएको विकृति र त्यसले पारेको प्रभाव आदिको चित्रण छ । यसरी हेर्दा कथामा समाशास्त्रीय चित्रण स्पष्ट देखिन्छ ।

### ३.९.४ चरित्रचित्रण

यस कथामा केन्द्रीय पात्र "ऊ" हो । "ऊ" पात्रको सेरोफेरोमा नै कथानक अगाडि बढेको छ । "ऊ" पात्र लगायत उसको बाबु वेश्यावृत्ति गर्ने पत्नीका कारण पीडित बनेका छन् । आफ्नी सौतेनी आमाको वेश्यावृत्तिलाई उदाङ्ग पार्न खोजेको छ । जस्तैः वेश्यावृत्तिलाई जीवनवृत्तिको पेसा बनाएपछि "ऊ" छटपटिन्छ । दयनीय अवस्थामा पुग्छ । सौतेनी आमाको कारण घरबाट निस्केर मामाघर भारत गएर बसी त्यहीँकी रामदुलारीसँग विवाह गर्छ । तीन वर्षपछि घर फर्किदाँ बाबुको मृत्यु भइसकेको हुन्छ भने सौतेनी आमा बुढी हुन्छिन् । उसको नाममा जग्गाजमिन केही हुँदैन । सबै सौतेनी आमाले सकेकी हुन्छिन् ।

ऊ पात्रका अतिरिक्त उसकी पत्नी रामदुलारी, सौतेनी आमा, टिकुल हलुवाई, किसुनिया, बेखालाल, चैतनिया, लालबहादुर मुखियाजी, किसुनदेव, सत्यनारायण थानेदार साहेव आदिजस्ता चरित्रहरूका माध्यमबाट तराईको सम्पूर्ण स्वभाव, बानीव्यहोरा राम्ररी प्रष्टिएको छ । सम्पूर्ण पात्र चरित्रका माध्यमबाट अञ्चललाई सम्पूर्णमा चिनाउने प्रयत्न भएको छ ।

### ३.९.५ प्रकृति चित्रण र लोकजीवन

यस कथामा कथ्य अञ्चलको सांस्कृतिक विशिष्टता झल्किएको छ । त्यहाँको रामजानकी मन्दिर माइथान मेला, हाटबजार आदिको चित्रण छ । तराईका वासिन्दाले भव्यरूपमा मनाउने फगुवा (फागुपूर्णिमा/होली) को चित्रण पाइन्छ । लोकजीवनसँग सम्बन्धित भाषासंवाद आञ्चलिक संस्कृति र लोकजीवनको विशिष्ट चित्रणबाट कथा आञ्चलिक बनेको छ ।

### ३.९.६ भाषाशैली

प्रस्तुत कथामा आञ्चलिक कथाअनुरूप भाषाको प्रयोग भएको छ । कथामा मैथिलीभाषी पात्रका माध्यमबाट मैथिली भाषाको प्रयोग गरिएको पाइन्छ । त्यहाँको परिवेश, प्रकृतिचित्रण, पात्र, पात्रसंवाद, संस्कार संस्कृति र भाषाशैलीका माध्यमबाट अञ्चललाई चिनाउने प्रयत्न भएको छ । कथामा "भन्.... पद्नौ पोता ... हगनौ बेटा, को छ यहाँ रण्डी ? बोल चुतिया के बेटा, हराम खोर !" (पृ. ३३१) जस्ता वाक्यहरूको प्रयोग गरिएको छ । "माई गे मेरी वहिनी खोइ, देख्दिन त ?", बचवा, मेरो तकदिर खराव

रहेछ” जस्ता स्थानीय बोलीको भाषा प्रयोग गरिएको छ । माई (आमा), बट्टैदार (अधियाँ गर्ने), कनिया ( बुहारी) लगौंटिया साथी (मिल्ने साथी), कोसेलिया (पेवा), छौँडी (केटी), दहेज (दाइजो) आदिजस्ता मैथिली भाषाका शब्दहरूको प्रयोग गरिएको छ ।

प्रस्तुत कथामा अशिक्षित पात्र भएकाले उनीहरूको बोलीमा आदरार्थी शब्दयुक्त भाषाको प्रयोग पाइँदैन । “तेरीमा रण्डी ! तैँले माइती जाऊ भनेको मलाई कुल्ली बनाउन र आफू सिँगारिएर पेसा गर्न ?” (पृ.४०) पात्र स्तर र हैसियतअनुसारको संवादयोजना र स्थानीय कथ्यभाषाको प्रयोगले कथा आञ्चलिक बन्न पुगेको छ ।

यस कथामा जेजति कुराहरू आएका छन् ती सबै आञ्चलिकता झल्काउनकै लागि आएका छन् । कथामा पात्र, पात्रसंवाद, परिवेश, संस्कार संस्कृति, रहनसहन, भेषभूषा आदि कुराहरू आञ्चलिकता झल्काउनकै लागि आएका छन् । कथामा वृक्ष (पीपल) का मानवीकरण र विक्षिप्तजस्तो बनेको रामदुलारीको लोग्ने पीपलसँग गरेको संवाद तथा उसले बञ्चरोले पीपल गिँड्दै गरेको कार्य निकै अर्थपूर्ण प्रतीक बनेर प्रकट भएका छन् ।

### ३.१० निष्कर्ष

नवचेतना र यथार्थवादको परम्परामा कथा लेख्ने मनु ब्राजाकी काल, परिस्थिति, युगका बाध्यता एवं यथार्थलाई देख्नसक्ने अन्तरदृष्टि भएका कथाकार हुन् । समाजमा देखिएका यथार्थलाई आलोचना गर्ने तथा ब्यङ्ग्य गर्ने र आफूभित्रको विद्रोही भाव प्रकट गर्ने कला पनि उनमा प्रचुर भएकाले प्रगतिवादी र पछिल्लो कालखण्डमा यौन मनोविज्ञानवादी कथाकारका रूपमा पनि उनी देखा परेका छन् । उनका प्रायजसो सबै कथाहरूमा आञ्चलिकताको प्रवृत्ति लिएर अगाडि बढेका देखिन्छन् । आफू तराईका बासिन्दा भएकाले उनी त्यहीँको समाजमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, नारीमाथि हुनेगरेको यौनशोषण, शोषक वर्गले निम्न स्तरका मानिसमाथि गर्ने गरेको थिचोमिचोजस्ता समस्यालाई स्थानीय पात्रका माध्यमबाट पाठकसामू प्रस्तुत गरेका छन् ।

उनका कथामा प्रयोग भएका परिवेश, पात्र, पात्र सम्वाद, संस्कार, संस्कृति, रहनसहन र भेषभूषा आदि कुराहरू आञ्चलिकता झल्काउँनकै लागि आएका छन् । आचलिकताका दृष्टिले उनका कथा निकै उत्कृष्ट छन् । ब्राजाकीका कथाले आञ्चलिकताभित्रका जात, धर्म, वर्ण, लिङ्ग, संस्कृति, चालचलन, क्षेत्र तथा अवस्थालाई अध्ययन गर्दै समग्र समाजमा रहेका विविध समस्यालाई प्रस्तुत गरेका छन् ।

## चौथो परिच्छेद

# सारांश तथा निष्कर्ष

### ४.१ सारांश

प्रस्तुत शोधपत्र जम्मा चार परिच्छेदमा तयार गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा आञ्चलिकताको परिभाषा, पृष्ठभूमि र प्रारम्भ, आञ्चलिकता र स्थानीय रङको सङ्क्षिप्त चर्चा गरिएको छ । त्यसैगरी आञ्चलिकताको आधारमा कथा विश्लेषणको ढाँचा प्रस्तुत गरिएको छ । मनु ब्राजाकीको सामान्य परिचय र उनले पाएको सम्मान तथा पुरस्कार र नेपाली कथामा आञ्चलिकता प्रयोगको परम्पराको चर्चा गरिएको छ । उनका कथायात्रा र आञ्चलिकताको प्रयोग, कथासङ्ग्रह र कुन कथासङ्ग्रहभित्र कुनकुन कथाहरू छन् भन्ने उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेदमा ब्राजाकीको आठवटा कथासङ्ग्रहबाट एउटा-एउटा प्रतिनिधि कथाको विश्लेषण गर्दै आञ्चलिकताको अध्ययन गरिएको छ ।

### ४.२ निष्कर्ष

मनु ब्राजाकी आञ्चलिक कथाकार हुन् । उनले आफ्ना कथाघटनामा स्थानविशेषको चित्रणमा रुचि राखेका छन् । ब्राजाकी सामाजिक परिवेशअनुरूपको घटनाक्रमलाई जीवन्तता दिन सफल कथाकार हुन् । तराईको ग्रामीण जीवनका मानिसको सुखदुःख, रहनसहन तथा समसामयिक घटनालाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने नेपाली कथाको प्रयोगवादी धाराका कथासर्जक हुन् । कथाले आञ्चलिकताभित्रका जात, धर्म, वर्ण, वर्ग, लिङ्ग, संस्कृति, चालचलन, क्षेत्र तथा अवस्थालाई अध्ययन गर्दै समग्र समाजमा रहेका विविध समस्यालाई प्रस्तुत गरेको छ । उनका सबै कथा आञ्चलिकताका दृष्टिले निकै उत्कृष्ट छन् ।

नवचेतना र यथार्थवादको परम्परामा कथा लेख्ने मनु ब्राजाकी काल, परिस्थिति, युगका बाध्यता एवं यथार्थलाई देख्नसक्ने अन्तर्दृष्टि भएका कथाकार हुन् । वस्तु र मूल्यलाई किनेर आलोचना गर्ने तथा व्यङ्ग्य गर्ने र आफूभित्रको विद्रोही भाव प्रकट गर्ने कला पनि उनमा प्रचुर रहेको छ । उनको कथामा दलित, शोषित, पीडित वर्गको उत्पीडनलाई मुखरित गर्ने कला प्रचुर भएकाले प्रगतिवादी र पछिल्लो

कालखण्डमा यौन मनोविज्ञावादी कथाकारका रूपमा पनि उनी देखापरेका छन् ।

ब्राजाकीका कथामा समाजमा विद्यमान विकृति र विसङ्गतिहहरूलाई यथार्थ रूपमा प्रकट गरेका छन् । उनका कथाहरू आलोचनात्मक शैलीमा लेखिएका छन् जसमा समाजका ठूलाठालु मानिने नेता तथा महाजनहरूको शोषक प्रवृत्तिलाई उद्घाटित गरेका छन् । उनका कथाहरू आञ्चलिकताको प्रवृत्ति लिएर अघि बढेका देखिन्छन् । कथाकार तराईका बासिन्दा भएकाले उनी त्यहाँको जनजीवनप्रति घुलमिल भएका छन् । यसर्थ उनका कथामा नेपालको तराई प्रदेशकै स्थानीय चित्र पाइन्छ । पात्र र परिवेशमा पनि आञ्चलिकता नै  पाइन्छ ।

निष्कर्षमा, मनु ब्राजाकीका कथामा आञ्चलिकताभित्रका जात, धर्म, वर्ण, लिङ्ग, संस्कृति, चालचलन, क्षेत्र तथा अवस्थाको चित्रण गर्दै समग्र रूपमा समाजमा रहेका विविध समस्यालाई प्रस्तुत गरिएको छ । उनका कथामा विभिन्न पात्रका माध्यमबाट विभिन्न भूगोलमा मानवले भोग्नुपरेको नियति, शोषकवर्गले निम्नस्तरका मानिसमाथि गर्नेगरेको थिचोमिचो नारीमाथिको यौन शोषण निम्न वर्ग र मजदुरले भोग्नुपरेको समस्यालाई वर्गीय द्वन्द्वलाई यथार्थ ढङ्गमा उतारिएको छ । आञ्चलिकताका दृष्टिले उनका कथा उच्च स्तरीय छन् ।

# सन्दर्भसामग्रीसूची

अधिकारी, विमल (२०६०), **सामाजिकताका दृष्टिले भविष्य यात्रा सङ्ग्रहभित्रका कथाहरूको विवेचना**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

अवस्थी, महादेव (२०५६), “खैरेनी घाट उपन्यासको आञ्चलिकता”, **गरिमा,** (वर्ष १७, अङ्क ८, साउन २०५६), पृ. २७-३१ ।

काफ्ले, मुकुन्दप्रसाद (२०६३), **मनु ब्राजाकीको गजलकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

कोइराला, जीवनचन्द्र (सम्पा.) (२०७५), **सम्झना र सिर्जनामा मनु ब्राजाकी,** काठमाडौँ : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी, पृ.४, ९ र ३५३ ।

गौतम, देवीप्रसाद (२०५४), **नेपाली कथा**, काठमाडौँ : नवीन प्रकाशन ।

(गौतम, लक्ष्मणप्रसाद (२०६८), “समकालीन नेपाली कथामा आञ्चलिकताको प्रयोग”, **समकालीन साहित्य** (अङ्क १ पूर्णाङ्क ६७, माघ, फागुन, चैत पृ. ३६-३९) ।

गौतम, सरस्वती (२०६४), **भविष्ययात्रा कथासङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

थापा, उर्वशी (२०७३), **अन्नपूर्णाको भोज कथासङ्ग्रहका कथामा पात्रविधान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, त्रि-चन्द्र क्याम्पस, काठमाडौँ ।

पोखरेल, कृष्णप्रसाद (२०४९), **मनु ब्राजाकीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

प्रधान, कृष्णचन्द्र (२०४३), **नेपाली उपन्यास र उपन्यासकार,** दोस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन ।

बराल, इश्वर (२०५९), **झ्यालबाट**, छैठौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०४५), “आञ्चलिकता र नेपाली उपन्यास”, शिव प्रधान (सम्पा.), **बृहत् नेपाली समालोचना**, सिक्किमः गान्तोक प्रकाशन, पृ. ४०४-४१४ ।

बराल, ऋषिराज (२०५४) “आञ्चलिकता, स्थानीय रङ र नेपाली उपन्यास”, **मिर्मिरे**, (पूर्णाङ्क १४६), पृ. ३९-५२ ।

बस्नेत, भीमकुमार (२०६३) , **पारदर्शी मान्छे कथासङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

ब्राजाकी, मनु (२०७०) **अन्नपूर्णाको भोज**, काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

––– (२०३८), **अवमूल्यन**, ललितपुर : साझा प्रकाशन ।

––– (२०४२), **आकाशको फल**, ललितपुर : साझा प्रकाशन ।

––– (२०७३), **जनजीवनका जीवनगाथा**, काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

––– (२०४६) **तिम्री स्वास्नी र म**, ललितपुर : साझा प्रकाशन ।

––– (२०६०) **पारदर्शी मान्छे**,, ललितपुर : साझा प्रकाशन ।

––– (२०५२) **भविष्ययात्रा**, ललितपुर : साझा प्रकाशन ।

––– (२०७०) **मनु ब्राजाकीका छोटाकथाहरू**, ललितपुर : साझा प्रकाशन ।

राई, कल्पना (२०६३), **तिम्री स्वास्नी र म कथासङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

सुवेदी, धनप्रसाद "श्रमिक" (२०५६), **नेपाली आञ्चलिक उपन्यासको ऐतिहासिक सर्वेक्षण**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

सुवेदी, धनप्रसाद "श्रमिक" (२०५६), "आञ्चलिक उपन्यास र नेपालीमा यसको परम्परा", **प्रतिभा** (वर्ष ५, अङ्क ३, वैशाख), पृ. १३-१७ ।

सुवेदी, राजेन्द्र (२०५३), "भविष्य यात्रा" कथासङ्ग्रहभित्रका कथाकार ब्राजाकी", **समकालीन साहित्य,** (वर्ष ६, अङ्क ३) ।